WANTED

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Pre Primary -1 | +2 Passed Montessori trained
* Lower Secondary -1| सामाजिक
  Qualification: Minimum Bachelor Running
* Lower Secondary -1 | Mathematics
  Qualification: Minimum Bachelor Running

Apply immediately with handwritten application

* आया दिदी - १ (साधारण लेखपढ । पकाउन जान्ने)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ५८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २७८ ★ ने. सं. ११४६ कौला थ्व, द्वितीया/तृतीया ★ बुधबार ★ ११ कार्तिक, २०८३ ★ October 28, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



भारतको महाराष्ट्र राज्यमा खडेरीमा परेका किसानलाई पर्याप्त राहत, बाली बीमाको तत्काल मुआब्जा, नियमित ऋण चुक्ता गर्ने किसानको २ लाख रुपैयाँ ऋण माफी, सामाजिक न्यायिक मजदुरका लागि जग्गाको हक र अन्य सामाजिक सुरक्षालगायतका किसानका दबाबमूलक मागलाई सम्बोधन गर्न राज्य सरकारलाई बाध्य पार्न अखिल भारतीय किसान सभाको नेतृत्वमा अकोलेदेखि मुम्बईसम्म 'वाहन लङ मार्च' को दोस्रो दिन अक्टोबर २७, २०२६ को दिन । किसान मार्च महाराष्ट्रका २० भन्दा बढी जिल्लाका १२००० किसानहरूले भाग लिएका छन् । मार्चको नेतृत्व एआईकेएस अध्यक्ष अशोक धवले, महासचिव विजु कृष्णन, संयुक्त सचिव अजित नवाले, महाराष्ट्र राज्य अध्यक्ष यशवंत झाडे, सचिव उमेश देशमुख, प्रदेश उपाध्यक्ष विनोद निकोले, विधायक र अन्य वरिष्ठ नेताहरूले गरिरहेका छन् ।

तस्बिर : सीपीआइएमको फेसबुकपेज

शोषणरहित र आदर्शोन्मुख समाज आजको आवश्यकता

काठमाडौँ, १० कार्तिक । शोषणरहित र आदर्शोन्मुख समाज आजको आवश्यकता हो । शोषण नभएको आदर्शोन्मुख समाजमा न्याय, समानता र सुरक्षाको अनुभूति हुन्छ । जनताको अधिकार सुनिश्चित हुन्छ । त्यहाँ चोरी चकारी, लुटपाट, हिंसा हुँदैन । त्यहाँ विभेद हुँदैन । बालबालिकाको अपहरण गर्ने, बेपत्ता पार्ने, महिला बेचबिखन गर्ने काम हुँदैन या त्यसलाई नियन्त्रण गरिएको हुन्छ । बालविवाह गर्न दिइँदैन । तर, पुँजीवादी व्यवस्थामा यस्ता अमानवीय कार्य, विकृति र विसङ्गति नियन्त्रण गर्नेतर्फ वास्ता हुँदैन । आपराधिक क्रियाकलाप रोक्न, बालविवाह नियन्त्रण गर्न बालबालिका तथा महिलामाथि हुने हिंसा रोक्न सरकारले बजेट छुट्याएको हुन्छ । सरकारी लगानी जतिसुकै भए पनि गरिए पनि आपराधिक र अमानवीय कार्य रोकेको हुँदैन । जुन उद्देश्यले बजेट छुट्याइएको हो, त्यो व्यवहारमा कार्यान्वयन हुनुपर्छ । कार्यान्वयन गर्नको निम्ति जिम्मेवार निकाय या संस्था क्रियाशील हुनुपर्छ; समाजका अग्रजहरूको ध्यान पुग्नुपर्छ । योजना बाँड्ने, योजनामा अनियमितता गरेर पदको दुरूपयोग गरी कमाउनेतर्फ लागिरहेसम्म देशमा सुशासन आउने हुनेछैन; परिवर्तनको अनुभूति दिनसक्ने छैन ।

समाचार स्रोतअनुसार सुदूरपच्छिम प्रदेशको बझाङमा ३४ प्रतिशत, दार्चुलामा ३३ प्रतिशत, डडेलधुरामा ३० प्रतिशत, अछाममा ३० प्रतिशत, डोटी र कैलालीमा २९ प्रतिशत, बाजुरामा २८ प्रतिशत र बैतडीमा २७ प्रतिशत बालविवाह भएको तथ्याङ्क छ । यो बालविवाहको तथ्याङ्कले हाम्रो समाजमा अहिले पनि अभिभावक वर्गमा राजनीतिक, सांस्कृतिक चेतनाको कमी भएको देखाउँछ । विज्ञान र प्रविधिको यो एक्काइसौँ शताब्दीमा पनि बालविवाहले स्थान पाइरहेको छ । बालविवाहले किशोरीको शिक्षामा बाधा पुऱ्याउँछ; घर व्यवहारमा केन्द्रित भएर कहीँ कतै रोजगारीको अवसर पाउँदैन । अशिक्षा र गरिबीले पनि चाँडै विवाह भएको सामाजिक अभियन्ताहरूको भनाइ रहेको छ । चाँडै विवाहले चाँडै सन्तान पाउने हुँदा विवाहपछि चाहेर पनि पढ्न पाउँदैन; रोजगारी पाउँदैन । सुदूरपच्छिममा बालविवाह रोकथाम गर्न प्रदेशले बजेट छुट्याए पनि बालबालिकाको विवाह गर्ने काम रोकेको देखिँदैन । यसले सरकारी अभियान बजेट सिध्याउने मेसो मात्र भएको देखाउँछ । यसमा सरकारको चासो र तडारुकता देखिँदैन ।

बालविवाह रोक्नको निम्ति परिवारको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । अभिभावक या आमा-बाबुमा नागरिक भावना र सांस्कृतिक स्तर नभएको कारणले पनि बालविवाह बढी भएको देखिन्छ । उमेर पुगेपछि केटाहरू पाउन मुस्किल भएको स्थानीय समस्याले पनि पढाइ नै छोडाएर घर-व्यवहारको कुरा थाहै नभइकन विवाह भएको पाइन्छ । सानैमा विवाह हुँदा घर - व्यवहारको काम कुरा थाहा नपाएर महिलाले घरायसी समस्या झेल्नुपरेको स्थिति छ । आज भोलि त आमा-बुबाको राय नै नलिइकन विवाह बढेको देखिन्छ । कहिले आमा-बाबुलाई जानकारी नै नदिई मायाप्रीतिमा बाँधेर विवाह भएका बग्रेल्ती घटनाहरू छन् । सामाजिक सञ्जालमा फसेर र मायाप्रीतिको कारण भएका कति विवाह टुटेका पनि छन् । एकले अर्कोलाई धोका दिएर पनि भइसकेको विवाहको

बाँकी पृष्ठ २ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १५६

न्यायालय र न्याय क्षेत्र :

न्यायालय सुधार अध्ययन सुझाव कार्यदलका सुझाव कार्यान्वयन हुन नसक्नु: भ्रष्टाचार र बेथिति अन्त्य गरी न्याय सेवा प्रभावकारी बनाउन र न्यायालयप्रति जनविश्वास बढाउन सर्वोच्च अदालतकै न्यायाधीश हरिकृष्ण कार्की अध्ययन समिति, नेपाल बार एशोसियसनबाट गराएको अध्ययन समिति, सर्वोच्चकै न्यायाधीश प्रकाश वस्तीको बिचौलियासम्बन्धी लगायतका अन्य अध्ययन समिति र कार्यदलबाट सुझाइएका सुझावलाई कार्यान्वयन गरिएमा समग्रमा न्यायपालिकाको विकृति र विसङ्गतिलाई घटाउन सकिन्छ ।

न्यायाधीशहरूको नियुक्ति र कारबाही गर्ने संवैधानिक निकाय दलीय हस्तक्षेप बाहिर स्वतन्त्र हुनुपर्दछ । यसको लागि न्यायाधीश नियुक्ति र कारबाही गर्ने कामको लागि भारतमा जस्तो कलेजियमको तरिकाबाट गर्नुपर्दछ ।

अदालतहरूमा मुद्दाको भार बढी भएको छ भने ओ एन्ड एम अर्थात् संस्थाको व्यवस्थापन सम्बन्धी अध्ययन गराएर आवश्यक मात्रामा न्यायाधीश र कर्मचारी थप गरिनु पर्दछ । सर्वोच्च अदालतमै १० वर्ष पुराना मुद्दा बाँकी देखिएकोले संविधानमै संशोधन गरेर आवश्यकतानुसार प्रधानन्यायाधीशले अस्थायी न्यायाधीश नियुक्ति गर्नसक्ने प्रावधान संविधानमा राखिनु पर्दछ । इजलास बढाएर पुराना मुद्दा फछ्यौंट गराइनु पर्दछ ।

न्यायपालिकाप्रतिको वितृष्णा हटाउन, न्याय स्वच्छ, छरितो र किफायती बनाउन सर्वोच्च अदालत नै अग्रसर हुनुपर्दछ ।

मुद्दा छिटो छरितो गर्न गराउन मुद्दामा वकिलले हटाउने, बेन्च रोज्ने (द्यभलअज कजययउष्लन) कुप्रवृत्ति हटाउनु पर्छ । एउटै मुद्दामा ५० सौँ वकिल राखेर प्रवचन दिने काम गराउनु भएन । विवादको तथ्य एक जना वकिलले प्रस्तुत गरेपछि लिड लयरले कानुनी त्रुटिमा मात्र बहस गराउने प्रणाली अपनाउनु पर्दछ । घण्टौँ बहस गरेर इजलासको समय बरबाद गर्न रोक्नु पर्दछ ।

सर्वसाधारणको न्यायमा पहुँच नहुनु: नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउने स्थिति छैन । पहुँच र पैसा नहुनेको लागि न्याय धेरै टाढाको विषय भएको छ । पक्षको तर्फबाट बहस गर्नुपर्ने वकिल त यति खर्चिला छन् कि साधारण निवेदन लेखिदिएको मात्र पनि हजारौँ असुल गर्दछन् । लोकतन्त्रको सुन्दरताको प्रमुख पक्ष न्यायिक विषयमाथि आम सर्वसाधारणको पहुँच नहुँदा न्यायपालिकाप्रति सर्वसाधारण रुष्ट हुन पुगेको देखिन्छ । प्रत्येक मुद्दामा वकिल राखेपछि वकालतनामा राखिन्छ । सो वकालतनामासँगै वकिलको फि (मुद्दा लेखेको, साक्षी बकाएको, मुद्दा स्थगित भएमा पनि अध्ययन गरेको भनेर लिइने फि, बहस फि, अन्य निवेदन लेखेको फि आदि) को सूची अनिवार्य रूपमा राखिने गरी कानुनी प्रणाली विकास गरिनु पर्दछ । देखाउने डाटा र लिने फिमा भिन्नता हुनु हुँदैन ।

फैसला कार्यान्वयन छिटो छरितो गराउन अन्तिम फैसलापछि पक्षले निवेदन दिन नपर्ने गरी कानुन संशोधन गराउन सर्वोच्च अलदालतले पहल गर्नु पर्दछ ।

सर्वोच्च र अन्य अदालतबाट भएका फैसला नेपाल सरकारले कार्यान्वयन गर्नुपर्नेमा पनि दशौँ वर्षसम्म कार्यान्वयन नगरेको देखिन आएको छ । अदालतको फैसला र आदेश कार्यान्वयन नहुँदा अदालतप्रति जनविश्वास कम हुन जाने भएकाले अदालत नै सकृय हुनु पर्दछ । सर्वोच्च अदालतले निश्चित म्याद तोकेर कार्यान्वयन गर्न गराउन सरकारलाई निर्देशन जारी गर्नु पर्दछ ।

व्यङ्ग्यचित्रको कुनो



जलवायु लक्ष्यअनुसार उत्सर्जन कटौती अपर्याप्त हुने

वासिङटन, १० कार्तिक (एएफपी) । विश्वका राष्ट्रहरूले प्रस्तुत गरेका जलवायु प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन भए पनि सन् २०३५ सम्म हरितगृह ग्यास उत्सर्जन ६ प्रतिशत मात्र घट्ने संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनले जनाएको छ । तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्न भने सन् २०१९ को तुलनामा उत्सर्जन ६० प्रतिशत घटाउन आवश्यक छ ।

सन् २०२४ जनवरीदेखि २०२६ अगस्टसम्म १५४ देशले प्रस्तुत गरेका जलवायु योजनाको विश्लेषणमा आधारित प्रतिवेदनअनुसार ती योजनाले विश्वव्यापी

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेपाल सरकारका वेबसाइट निर्माणमा प्रयोग हुने प्रोग्रामिङ भाषा (पीएचपी) मा देखिएको गम्भीर सुरक्षा कमजोरीका कारण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अन्य मन्त्रालय, विभाग, राजस्व कार्यालय र निकायका वेबसाइट पाँच दिनदेखि बन्द भएकोमा पुन: सञ्चालन भएको सार्वजनिक भयो । सरकारले 'डिजिटल नेपाल' बनाउने दाबी गरेको लामो समय भइसक्यो । तर, यसका लागि आवश्यक पूर्वाधार तयार गरिएन । विदेशीको भरमा 'डिजिटल नेपाल' कसरी बन्छ ? सम्भव छैन । नेपालका विज्ञान तथा इन्जिनियरिङ कलेजहरूलाई आवश्यक अनुदान दिएर 'डिजिटल नेपाल' का लागि आवश्यक भूउपग्रह, सफ्टवेयर र उपकरण तयार गराउनेतर्फ सरकारहरू किन लागेनन् ?
- पहिलोपटक सरकारले आर्थिक वर्ष २०६०/६१ मा १७ वटा पूर्वाधार आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको सूचीमा राख्यो । आर्थिक वर्ष २०८३/८४ सम्म आइपुग्दा यो सूचीमा आयोजनाको सङ्ख्या २७ पुगेको छ । सुरुमा १५ वटा आयोजनाका लागि ६ खर्ब १२ अर्ब ६४ करोड रुपैयाँ अनुमान गरिएको भए पनि अहिले बढेर १८ खर्ब ६४ करोड रुपैयाँ पुगेको सार्वजनिक भयो । कर्मचारी प्रशासन सञ्चालनका लागि नै दुई-तीन खर्ब रुपैयाँभन्दा बढी ऋण लिनुपर्ने सरकारले राष्ट्रिय गौरवका यी आयोजनाका लागि थप कति ऋण लिने होला ? यतिबेला देशलाई ३० खर्ब रुपैयाँभन्दा बढी ऋणमा डुबाइएको छ । देशको सन्तुलित विकास गरिएको भए मेलम्ची खानेपानी आयोजना, काठमाडौँ-तराई द्रुतमार्ग, एमसीसी सम्झौतालगायतका गौरवका आयोजना आवश्यक हुने थिएनन् । यसकारण, ती आयोजना अघि बढाउने तत्कालीन प्रधानमन्त्री र अर्थमन्त्रीहरूसँग नेपाली जनताले बयान किन नलिने ?



माटोका भाँडा बनाउने कला सिक्दै विदेशी पर्यटक

भक्तपुर नगरपालिका-४ स्थित पोटरी स्क्वायरमा माटोका भाँडा बनाउने कला सिक्दै विदेशी पर्यटक । यहाँ परम्परागत माटाका भाँडा बनाउने कलाले पर्यटकलाई आकर्षित गर्ने गरेको छ । *तस्विर: प्रविन पौडेल/रासस*

भक्तपुरमा तीनदिने 'रोटरी पुस्तक प्रदर्शनी २०८३' बिहीबारदेखि सुरु हुने

भक्तपुर, १० कार्तिक । पठन संस्कृतिको प्रवर्द्धन तथा बालबालिका र विद्यार्थीमा अध्ययन संस्कृतिको विकास गर्ने उद्देश्यले भक्तपुरमा 'रोटरी पुस्तक प्रदर्शनी २०८३' आयोजना हुने भएको छ ।

विद्यार्थी निकेतन माध्यमिक विद्यालयको प्राङ्गणमा कार्तिक १२ देखि १४ गतेसम्म बिहान १० बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुने तीनदिने पुस्तक प्रदर्शनी रोटरी क्लब अफ भक्तपुरले आयोजना गर्न लागेको हो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले उद्घाटन गर्ने प्रदर्शनीको पहिलो दिन कार्तिक १२ गते बिहीबार पुस्तक विमोचन, 'दरबारको दु:खान्त' पुस्तकका लेखकसँग प्रत्यक्ष अन्तरक्रिया तथा डेट पोएट सोसाइटीको संयोजनमा 'शून्य' भाग ५ अन्तर्गत विशेष कविता वाचन कार्यक्रम हुने आयोजकले जनाएको छ ।

प्रदर्शनीको दोस्रो दिन कार्तिक १३ गते शुक्रबार आरएसी भक्तपुरको आयोजनामा जिल्लाव्यापी अन्तरविद्यालय चित्रकला प्रतियोगिता तथा पुरस्कार र प्रमाणपत्र वितरण कार्यक्रम हुनेछ । त्यस्तै, भक्तपुर साहित्यिक समाजको संयोजनमा 'ख्वपमा गजल' वाचन सत्र र बुक क्लब भक्तपुरको संयोजनमा 'भक्तपुर : हिजो, आज र भोलि' विषयमा छलफल हुने कार्यक्रम रहेको छ ।

तेस्रो दिन, कार्तिक १४ गते शनिबार 'नेपालमा शिक्षक शिक्षा र आधुनिकीकरणमा नयाँ आयाम' विषयमा विचारविमर्श हुनेछ । साथै, बुक क्लब भक्तपुरको संयोजनमा 'पठन संस्कृति : किन र कसरी ?' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ ।

प्रदर्शनीमा विभिन्न विधा र भाषाका पुस्तकका स्टलसँगै पुस्तक विमोचन, साहित्य वाचन, चित्रकला प्रतियोगिता, पुरस्कार वितरण तथा अन्तरक्रियाका कार्यक्रम समावेश गरिनेछन् । साथै, परम्परागत नेवारी मौलिक परिकारका स्टलसमेत राखिने आयोजकले जनाएको छ ।

विभिन्न विद्यालय, कलेज, पुस्तकालयकर्मी, विद्यार्थी, शिक्षक, अभिभावक, साहित्यप्रेमी तथा सम्पूर्ण पुस्तकप्रेमीलाई यस बृहत् शैक्षिक तथा सांस्कृतिक महोत्सवमा सहभागी भई पठन संस्कृतिको विकासमा हातेमालो गर्न आयोजक रोटरी क्लब अफ भक्तपुरले हार्दिक निमन्त्रणा गरेको छ ।

तीन हजार ९०३ सवारीसाधन कारबाहीमा

कञ्चनपुर, १० कार्तिक । ट्राफिक नियम उल्लङ्घन गर्ने तीन हजार ९०३ सवारीसाधन कारबाहीमा परेका छन् ।

एक महिनाको अवधिमा कारबाहीमा परेकाबाट प्रहरीले ३३ लाख ८६ हजार ५०० रकम राजश्व सङ्कलन गरेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार असोजमा सुदूरपश्चिममा २३५ वटा सवारी दुर्घटना भएका थिए । जसमा १२ जनाको मृत्यु भएको थियो भने ३६३ जना घाइते भएका थिए । दुर्घटनामा ३२१ सवारी संलग्न रहेका थिए ।

विष्टका अनुसार २०८ वटा दुर्घटना चालकको कारण भएका छन् भने छ वटा मादक पदार्थ सेवनका कारण भएका छन् । त्यसैगरी, सवारीसाधनका कारण नौ वटा, यात्रुको कारण एक वटा, पैदलयात्रुको कारण दुई वटा, चौपायाको कारण पाँच वटा र सडकको कारण चार वटा दुर्घटना भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

प्रहरीले २४ जनालाई नियन्त्रणमा लिएर दुई करोड २० लाख छ हजार मूल्य बराबरको भन्सार छली गरेर ल्याएको सामान नियन्त्रणमा लिएको छ ।

प्राकृतिक सम्पदा दोहनमा संलग्न पाँच जना मानिस र २८ वटा सवारीसाधन बरामद गरी तीन लाख ३४ हजार ९०० रूपैयाँ जरिवाना असुल गरिएको छ ।

यसमा संलग्न नौ जना मानिसलाई पक्राउ गरिएको छ । अवैध वन पैदावार चोरीमा ६२ क्युफिट काठ बरामद गरेर तीन लाख १५ हजार राजश्व सङ्कलन भएको छ । अवैध पशुपन्छी नियन्त्रणबाट प्रहरीले ११ लाख १२ हजार ३०० रूपैयाँ राजस्व सङ्कलन गरेको छ । ***(रासस)***

दस वर्षमा बनेको पुल पनि सञ्चालनमा आएन

बाजुरा, १० कार्तिक । जिल्लाको बेतालमाडौँ-डेल्टा सडकको बार्जुगाड खोलामा १० वर्ष लगाएर पुल निर्माण गरिए पनि अझै सञ्चालनमा आएको छैन । स्थानीय खप्तड छेडेदह गाउँपालिका ३ र बूढीगङ्गा नगरपालिका-४ को बिचको त्यस खोलामा दुई वर्षमा निर्माण गरी सक्नुपर्ने पुल १० वर्षमा निर्माण भएको थियो । खप्तड छेडेदह-३ का स्थानीय रामबहादुर रावतका अनुसार अहिले पुल निर्माण सम्पन्न भएको महिनौँ बितिसक्दा पनि सञ्चालनमा आएको छैन ।

शोषणरहित...

सम्बन्ध विच्छेद भएको पाइन्छ । यही कारण आज भोलि सम्बन्ध विच्छेदका घटनाहरू बढेको पाइन्छ । यो राम्रो सङ्केत होइन ।

मधेशमा बालबालिकामाथि बढ्दो असुरक्षा र अपहरणदेखि जघन्य अपराधको चपेटामा परेको खबर छापामा आएको छ । बालबालिकाहरू बेपत्ता पारिएको खबर पनि बेलाबखता छापामा आइरहेको छ । बालबालिकालाई लोभलालच देखाएर बेपत्ता पार्ने, कहिलेकाहीं विदेशमा पुऱ्याउने, हत्या गर्ने र बेपत्ता पारिएको सन्तान फिर्ता पाउन पैसा लिने गरेको पनि पाइन्छ । बालबालिकामाथि हुने हिंसा, अपहरण, बलात्कार र हत्याका घटनाले परिवार र समुदायमा असुरक्षाको कारण चिन्ता बढाएको हो । घरभित्रै, आँगनमा खेल्दाखेल्दै, विद्यालयमा जाँदा, विद्यालयबाट फर्कंदा बालबालिकामाथि भइरहेका यस्ता घटनाले बालबालिकाको सुरक्षामाथि प्रश्न उठाएको छ । यतातर्फ सुरक्षा निकाय अन्य सरकारी सङ्गठन र सरकारको ध्यान पुग्नुपर्छ । बेपत्ता पारिएका बालबालिकाहरू मृत अवस्थामा भेटिएका छन् । बलात्कार गरेर मारिएका घटनाहरू पनि देखिएका छन् । यी घटनाले देशमा सुशासन छ भनेर कसरी विश्वास गर्ने ? अत: बालबालिकामाथि हुने यस्ता घटना रोक्न प्रहरी प्रशासन, स्थानीय तह, अभिभावक, बुद्धिजीवी, समाजसेवी, सामाजिक अभियन्ता; सरकार, सरकारी दल तथा अन्य दलका कार्यकर्ताहरूको पनि ध्यान पुग्नुपर्छ । यी सबै पक्ष सचेत र गम्भीर हुनुपर्छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप कलेज अफ ल
भ.न.पा. ६, देकोचा, भक्तपुर

घर भाडामा लिने सम्बन्धमा पुन: सिलबन्दी प्रस्ताव आह्वानको सूचना

पुन: सूचना प्रकाशित मिति : २०८३/०७/११

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ ल को शैक्षिक तथा प्रशासनिक कार्यक्रमहरू विस्तार गर्नका लागि घर भाडामा लिनुपर्ने भएकोले इच्छुक घर धनीहरूले (कम्पनी वा फर्मको हकमा आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०८२/८३ को कर चुक्ता वा २०८२/८३ मा कर तिरेको प्रमाण तथा म्याद थपको प्रमाणपत्र पेस गर्नुपर्ने) आफूले भाडामा दिन चाहेको जग्गाको लालपुर्जा, घर तथा जग्गाको आ.व. २०८२/८३ सम्मको तिरो तिरेको रसिदको प्रतिलिपि संलग्न गरी पुन: सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । दरभाउपत्र तपसिलमा उल्लेखित म्यादभित्रमा दर्ता गर्नुहुन सरोकारवाला सम्पूर्णमा सूचित गरिन्छ ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	फाराम दस्तुर	फाराम लिने तथा बुझाउने अन्तिम मिति	प्रस्ताव खोल्ने मिति
१.	Procurement Proposal for Building Rental SQ/KCL/BUILDING RENT/083/84	ख्वप कलेज अफ ल सञ्चालित ठाउँबाट बढीमा १०० मिटरको दुरीभित्र पर्ने, कम्तीमा ९०० देखि १२०० वर्ग फिट प्लिन्थ एरिया भएको र कम्तीमा ४ तला भएको निर्माणाधिन वा निर्माण सम्पन्न भएको घर भाडामा लिनुपर्ने	रु. १०००	सिलबन्दी प्रस्ताव २०८३ कार्तिक १८ गते बिहान १२:०० बजेसम्म मात्र	२०८३ कार्तिक १८ गते, दिउँसो १:०० बजे

पान नं. ३०४५०३४०७ दर्ता नं. ४७३/०६७/०६८

"हाम्रो सपना हाम्रो पहिचान, समृद्ध सहकारी हाम्रो अभियान"

जय सन्तोषी माँ
बचत तथा ऋण सहकारी संस्था लि.
कमलविनायक-१०, भक्तपुर

१६औं वार्षिक साधारण सभाको
हार्दिक निमन्त्रणा

सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक नमस्कार सहित,

यस जय सन्तोषी माँ बचत तथा ऋण सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना हुन गइरहेको व्यहोरा जानकारी गराउँदै यहाँहरूको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

मिति : २०८३ साल मंसिर ५ गते, शनिबार
समय : बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म
स्थान : संस्थाको प्राङ्गण, कमलविनायक, भक्तपुर

छलफलका विषयहरू

१. संञ्चालक समितिको तर्फबाट आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत तथा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन प्रस्तुत तथा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८३/०८४ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व. २०८३/०८४ को अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
५. कानुनी प्रक्रियामा रहेका संस्थाको ऋण रकम असुल गर्ने सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को लाभांश वितरण सम्बन्धमा ।
७. विभिन्न संशोधन तथा आवश्यक विषयमा छलफल गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
९. संञ्चालक समितिको बैठक निर्णय अनुमोदन तथा संञ्चालक लगायतको भत्ता सुविधा सम्बन्धमा ।
१०. विविध ।

महत्वपूर्ण सूचना

जस श्रेयर सदस्यको यस सहकारी संस्थामा लगातार ६ (छ) महिना देखि कुनै कारोबार (बचत जम्मा, ऋण भुक्तानी, निक्षेप, शेयर कारोबार वा अन्य कुनै वित्तीय कारोबार) नभएकोमा संस्थाको नियम अनुसार त्यस्ता सदस्यलाई सेवा सुविधा प्रदान गरिने छैन ।

★ यहाँहरूको अमूल्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सादर,
सञ्चालक समिति

सम्पर्क नं.: ०१-६६२००५०, ०१-६६२०७५०

सङ्क्षिप्त समाचार

बाढीपहिरोले पाइपलाइन बगाएपछि बेनीमा खानेपानीको समस्या

म्याग्दी, १० कार्तिक । म्याग्दीको सदरमुकाम बेनी बजारमा खानेपानीको अभाव हुन थालेको छ । गत असोज दोस्रो साता आएको बाढीपहिरोका कारण खानेपानी आपूर्ति गर्ने पाइपलाइनमा क्षति पुगेपछि बजारमा पानीको आपूर्ति घटेको हो ।

बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष रमेश गिरीका अनुसार बेनी बजारमा प्रतिसेकेन्ड २० लिटरभन्दा बढी पानी आवश्यक पर्ने भए पनि हाल प्रतिसेकेन्ड आठ लिटरका दरले मात्र पानी आपूर्ति भइरहेको छ । संस्थामार्फत बेनी नगरपालिकाका वडा नं २, ७ र ८ का एक हजार २०० घरधुरीमा बसोबास गर्ने करिब २५ हजार जनसङ्ख्यालाई खानेपानी वितरण हुँदै आएको छ ।

बाढीपहिरोका कारण अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने डाँडाखर्क र रिठाखर्कका मुहानबाट बेनीमा पानी ल्याउने १४ किलोमिटर लामो पाइपलाइन क्षतिग्रस्त भएको छ । बेनीस्थित खोरिया र खरेनीको पाखोमा पहिरो जान थालेपछि पाइपलाइनको मार्ग परिवर्तन गरी डल्लेपिपल-कालीपुल-बेनी चक्रपथ-दरवाङ बसपार्क क्षेत्रमा करिब तीन किलोमिटर नयाँ पाइपलाइन विस्तार गर्न थालिएको छ ।

दसैँ अवधिमा अन्नपूर्ण पदमार्गमा पाँच हजार ३८४ पर्यटक

लमजुङ, १० कार्तिक । यस वर्षको दसैँ अवधिमा चक्रीय अन्नपूर्ण चक्रीय पदमार्गमा पाँच हजार ३८४ विदेशी पर्यटकले भ्रमण गरेका छन् ।

यस वर्ष घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अर्थात् असोज २५ देखि कार्तिक ८ गतेसम्म उक्त पदमार्गमा पाँच हजार ३८४ पर्यटक आएका हुन् । गत वर्ष सोही अवधिमा दुई हजार ७५७ पर्यटक आएका थिए । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को धारापानीस्थित पर्यटक जाँच तथा सूचना केन्द्रका प्रमुख भूपेन्द्र गुरुङका अनुसार यस वर्ष गत वर्षका तुलनामा दुई हजार ६२७ पर्यटक बढी आएका छन् ।


सार्क राष्ट्रबाट ६०९ र गैरसार्क राष्ट्रबाट चार हजार ७७५ पर्यटक आएका छन् । तथ्याङ्कअनुसार सबैभन्दा बढी भारतबाट ६०६ पर्यटक आएका छन् । जर्मनीबाट ४३८, इजरायलबाट ४१८, फ्रान्सबाट ३६४ र संयुक्त राज्य अमेरिकाबाट ३५२ पर्यटक आएका छन् । ***(रासस)***

भारी वर्षाको सम्भावनापछि मकवानपुरमा उच्च सतर्कता अपनाउन आग्रह

हेटौँडा, १० कार्तिक । बङ्गालको खाडीमा विकसित 'अर्णव' चक्रवातका कारण भारी वर्षाको सम्भावना रहेकाले जिल्ला प्रशासन कार्यालय मकवानपुरले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विशेष बुलेटिनअनुसार कार्तिक ११ देखि १४ गतेसम्म मकवानपुरसहित बागमती प्रदेशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना छ ।

स्थानीय प्रशासनले पाकेको धानबाली तथा अन्य कृषिउपज सुरक्षित रूपमा भित्र्याउन, वर्षाको अवधिमा बाली नकाट्न, नदी तथा खोला नतर्न र माछा मार्ने तथा दाउरा सङ्कलन गर्नेजस्ता जोखिमपूर्ण कार्य नगर्न अनुरोध गरेको छ । ***(रासस)***



जाडो छल्न मनाङबाट लमजुङतर्फ झारिँदै भेडीगोठ

चरीचरनका लागि मनाङको लेकमा लगिएका भेडीगोठ जाडोयाम सुरु भएसँगै लमजुङतर्फ झारिँदै । किसानले भेडीगोठ गर्मीयाममा मनाङको खर्कहरूमा पुऱ्याउँछन् भने जाडो सुरु हुनासाथ लमजुङको घनपोखरा, घलेगाउँका पाखामा ल्याउने गर्छन् । *तस्बिर: नवीन लामिछाने/रासस*

"सहकारीका समस्याबाट सरकार पन्छिदैन"

चितवन, १० कार्तिक । जिल्ला प्रशासन कार्यालय चितवनको सभाकक्षमा सोमबार सहकारी पीडितहरूले आफ्ना पीडा सुनाइरहेका थिए । यसका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलसहित प्रतिनिधिसभा सदस्य, प्रमुख जिल्ला अधिकारीलगायत हुनुहुन्थ्यो ।

प्राध्यापन पेसाबाट निवृत्त हुनुभएका ८४ वर्षीय वृद्ध विष्णुप्रसाद सापकोटाले व्यवसायीक घर बिक्री गरेर छोराछोरीलाई केही रकम र बाँकी रकम रु. दुई करोड ४० लाख शिवशिखर सहकारीमा बचतमा राख्नुभयो । रु. चार करोडमा घर बिक्री गरेर छोराछोरीलाई दिएको पैसा पनि उनीहरूले सोही सहकारीमा राखेका थिए । सहकारीले परिवारको रु. तीन करोड ५० लाख भुक्तान नगरेको पीडा सुनाउँदा सुनाउँदै उहाँ आँसु आयो । उहाँले भन्नुभयो, "बुढेसकालमा दान दक्षिणा र धर्म कर्ममा समय बिताउँला भनेर घर बेचेँ मेरो सबै रकम सहकारीले खायो ।" त्यस्तै-त्यस्तै पीडा त्यहाँ अन्यको पनि थियो ।

सडकमा मकै पोलेर बिक्री गर्नेदेखि अर्काको घरमा काम गर्नेसम्मले जम्मा गरेका रकम सहकारीले अपचलन गरेको उनीहरूले पीडा सुनाएका थियो । एक महिलाले १४ कठ्ठा जग्गा बेचेर सनराइज सहकारीमा राखेकोमा फिर्ता नपाएको जनाउँदै गुनासो गर्नुभयो ।

सहकारी पीडित वचतकर्ताको समस्या आजदेखि सुरु नभएको भन्दै उहाँले पीडितलाई न्याय दिने पक्षमा सरकारले काम गरेको बताउनुभयो । सहकारी अहिलेको अवस्थामा आउनु तत्कालीन समयका सरकारसमेत दोषी रहेको उहाँको भनाइ छ । ***(रासस)***

बाढी पहिरोको दलदलबाट विस्तारै उठ्दै बूढीगण्डकी उपत्यका

- प्रतीक्षा आले

गोरखा, १० कार्तिक । हिमपहिरोले उङ्गिलुङ खोला थुनिएर खुलेपछि बूढीगण्डकीमा गत असोज २५ गतेको बाढीले गोरखाको तल्लो तटीय क्षेत्रमा ठुलो क्षति पुऱ्याएको स्थानमा स्थानीयको सक्रियतामा प्रभावित क्षेत्रमा पूर्वाधार निर्माणलगायतका कामबाट जनजीवन सामान्य बनाउने कार्य तीव्ररूपमा भइरहेको छ ।

स्थानीयवासी र गाउँपालिकाको सक्रियतामा बाढी प्रभावित क्षेत्रमा अहिले पनि अस्थायी पुल निर्माण तथा बाटो मर्मतको काम भइरहेको छ । त्यस्तै स्थानीयकै सक्रियातामा १५ दिनदेखि बन्द रहेको चुम उपत्यका सडक आइतबारदेखि अस्थायी रूपमा खुलेको छ । स्यार खोलामा चारवटा काठे पुल निर्माण गरी चुम उपत्यकामा मानिस तथा खच्चड आवतजावत गर्न सक्ने बनाएको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले बताउनुभयो । बाढीले चुमनुब्री गाउँपालिका-६ स्थित सर्दीभिरको क्यान्टिभर पुल बगाउँदा चुम उपत्यका आवतजावत ठप्प बनेको थियो ।

स्थानीय युवाको सक्रियतामा खोलोबेँसीदेखि जगतसम्मको सडकमा बाढीले ल्याएको लेदो तथा गेग्रान हटाएर मान्छे र खच्चड हिँड्ने सक्ने बाटो समेत तयार भएको छ । तत्कालको समस्या टार्न त्यस क्षेत्रमा ड्रोनमार्फत खाद्यान्न ढुवानी गर्ने काम भएको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो । यस्तै, बाढीले बिग्रिएको सिर्दिबास उहिया साना जलविद्युत आयोजना चारदिनमा नै सुचारु भयो । ***(रासस)***

सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका चलचित्र निर्माणका लागि साढे तीन करोड अनुदान

काठमाडौँ, १० कार्तिक । सरकारले सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका विषयमा आधारित चलचित्र निर्माणलाई प्रोत्साहन गर्न चालू आर्थिक वर्ष २०८३/८४ मा रु. तीन करोड ५० लाख अनुदान उपलब्ध गराउने भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयले यथार्थपरक, मौलिक तथा जनचेतनामूलक चलचित्र निर्माणका लागि स्क्रिप्ट, प्रोडक्सन र पोस्ट प्रोडक्सन विधामा प्रोत्साहन अनुदान उपलब्ध गराउन आवेदन आह्वान गरेको हो ।

मन्त्रालयले आज प्रकाशित गरेको सूचनाअनुसार इच्छुक व्यक्ति तथा संस्थाले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आवश्यक विवरण तथा कागजातसहित आवेदन पेस गर्नुपर्नेछ । सरकारले स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले विनियोजन गरेको बजेट कार्यान्वयन गर्न 'सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका क्षेत्रमा चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८३' अनुसार कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

ख्वप माध्यमिक विद्यालय

भ.न.पा. ६, देकोचा, भक्तपुर, फोन नं. ०१-६६१०९३२, ०१-६६१४३३६

ट्रायक शुट खरिदसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८३/०७/११

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि आवश्यक विद्यालयमा रहेको नमुनाअनुसारको ट्रायक शुट खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रको **Bid Document** मा तोकिएअनुसार का इजाजत प्राप्त फर्म कम्पनीहरूले आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०८२/८३ को कर चुक्ता प्रमाणपत्र, २०८२/८३ मा कर तिरेको प्रमाण वा म्याद थपको प्रमाणित प्रतिलिपिसमेत संलग्न गरी सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्रदाताहरूले दरभाउपत्रको लागि विद्यालय लेखा शाखामा **Bid Fee** बुझाई जिन्सी शाखाबाट दरभाउपत्र लिन सकिनेछ । सिलबन्दी दरभाउपत्रका साथमा आफूले आपूर्ति गर्ने नमुना ट्रायक शुट १ सेट पनि अनिवार्य पेस गर्नुपर्नेछ । नमुना सामान पेस नगर्ने दरभाउपत्रहरू मूल्याङ्कनमा समावेस गरिने छैन ।

SN	Contract ID:	Description	Bid fee	Bid Security Amount
1	Khwopass/SQ/Goods/TR/083/84	Procurement of Supply and Delivery of Track Suit	1,000/-	42,000/-

बैङ्कको नाम : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा
खातावालाको नाम: ख्वप माध्यमिक विद्यालय
फाराम लिनको लागि विद्यालयको लेखा शाखामा बुझाएको रसिद अनिवार्य पेश गर्नुपर्नेछ ।
धरौटी रकम जम्मा गर्ने खाता नं.: ०१९००१०००२४००९०००००१
दरभाउपत्र लिने तथा पेस गर्ने अन्तिम मिति/समय : २०८३/०७/१८ गते, दिउँसो १२:०० बजे मात्र ।
दरभाउपत्र खोल्ने मिति/समय : २०८३/०७/१८, दिउँसो १३:०० बजे

हार्दिक समवेदना



जन्म
१९९३/०१/१६

स्वर्गारोहण
२०८३/०७/०५

मसिनु कोजु

यस युवा समूहका सदस्य श्री राधेश्याम कोजुकी पूजनीय माता **मसिनु कोजु**को दुःखद निधन भएको आज सातौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

युवा समूहका साथीहरू

श्रीमान्/श्रीमती हरिप्रसाद सुवाल
श्रीमान्/श्रीमती तुल्सीप्रसाद सुवाल
श्रीमान्/श्रीमती अशोक दुवाल
श्रीमान्/श्रीमती असलबहादुर सुवाल
श्रीमान्/श्रीमती राजु कोजु
श्रीमान्/श्रीमती हरिप्रसाद कोजु
श्रीमान्/श्रीमती तुल्सीकृष्ण बाटी
श्रीमान्/श्रीमती श्रीभक्त सुवाल
श्रीमान्/श्रीमती कृष्णगोविन्द नायभारी
श्रीमान्/श्रीमती रविन्द्र सुवाल
श्रीमान्/श्रीमती कृष्णप्रसाद ज्याख्व
श्रीमान्/श्रीमती रामसुन्दर कोजु
श्रीमान्/श्रीमती शिवश्वर सुवाल
श्रीमान् सुशील सुवाल
श्रीमान् राजेश ध्वजु

। सम्पादकीय ।

चाडपर्वमा उपभोक्ता थप ठगिए, ठगी नियन्त्रण कसले गर्ने ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले संयुक्त राष्ट्रसङ्घमा असोज ८ गते सम्बोधन गर्ने क्रममा 'जब घरमा आगो लागेको हुन्छ, हामी परिवारलाई ५० ओटा फाराम भर्न लगाउँदैनौं, हामी गर्छौं" भनेको थियो । रसुवाको भोटेकोसी नदीमा भदौ १० गते हिमपहिरो आएको दुई महिना पुग्न लाग्यो । यतिबेला हिमपहिरोमा ज्यान गुमाउनेहरूको शव पहिचानका लागि डीएनए परीक्षण गर्न अझै एक महिना लाग्ने सार्वजनिक भयो । हिमपहिरोमा ५ हजार २८५ जना बेपत्ता भएको र १ हजार ४५७ वटा शव भेटिएको विवरण सार्वजनिक भएको थियो । तीमध्ये ११२ वटा शवको मात्र सनाखत भएको हो । बेपत्ता व्यक्तिका परिवारका २ हजार ६६ जनाको डीएनए परीक्षणका लागि रगतको नमुना लिइएको थियो । यतिबेला डीएनए परीक्षणमा समेत भ्रष्टाचार हुने आशङ्का गर्नेहरू बढेको सार्वजनिक भयो ।

दसैँको अवधिमा सडक दुर्घटनामा १२४ जनाले ज्यान गुमाएको र २ हजार ९८८ जना घाइते भएको सार्वजनिक भयो । यति धेरैको मृत्यु र घाइते हुने घटनाले सम्बन्धित परिवारका लागि दसैँमा थप सङ्कट निम्त्यायो । सरकारले दसैँमा सङ्घीय राजधानी र प्रदेश राजधानीबाट लामो दूरी पार गरेर घर जानुपर्ने बाध्यता हटाउन सम्बन्धित जिल्लाका कर्मचारीलाई नजिकका जिल्लासम्म रोजगारी र सरुवाको व्यवस्था गर्नु उपयुक्त हुनेछ । विद्यालय, कलेज र अस्पतालको व्यवस्था सङ्घीय तथा प्रदेश राजधानीमा केन्द्रित गरिएकोले अधिकांश मानिस यतैतिर आउने र दसैँमा फर्कने हुँदा जनधनको क्षति भएको हो । सरकारले देशको सन्तुलित विकास गरी जनतालाई आ-आफ्नै थातथलोमा रोजगारी दिएमा दुर्घटनामा कमी आउनेछ ।

दसैँको बेला सङ्घीय राजधानी सुनसानजस्तै थियो । दसैँलगत्तै काठमाडौँमा पुनः भिडभाड बढ्यो । देशमा रोजगारी नपाएर बिदेसिनेको सङ्ख्या बढेसँगै काठमाडौँमा भिडभाड बढेको देखिन्छ । पुराना शासकहरूले स्वदेशमा रोजगारी दिन नसकेको दाबी गर्दै नयाँ शासकहरू आए । उनीहरूले पनि स्वदेशमा रोजगारी दिने बन्दोबस्त गरेनन् । वैदेशिक रोजगारीमा जान लागेकाहरू र उनीहरूलाई बिदाइ गर्न आएकाहरूको भिड काठमाडौँ विमानस्थलमा पुनः बढ्यो । यसरी सरकारमा पुऱ्याउनेहरूले नै नयाँ दाबी गर्नेहरूलाई झूटा कुरा गर्न सिकाएको पुष्टि भयो । अब नेपाली जनता मिलेर पुराना र नयाँलाई पालैपालो सरकारमा पठाउने को को हुन्, खोजी गर्नुपर्ने भयो ।

चाडपर्वका बेला नेपाली जनता थरीथरीका मारमा पर्छन् । उपभोग्य सामानको मूल्य वृद्धि हुँदा नेपाली जनता दसैँमा पनि थला पर्छन् । अधिकांश सामानको मूल्य ४० प्रतिशतदेखि ३०० प्रतिशतसम्म बढ्यो । चाडपर्वको बेला बजारमा मनपरी मूल्य असुल्ने व्यापारीहरू पनि थुप्रै देखिए । चाडपर्वमा उपभोक्ताले सामान किन्नैपर्ने बाध्यता हुने भएकाले व्यापारीहरूले सामान्य नाफा मात्र नभई ठगी नै गरेको गुनासो बढेको बताउनेहरू पनि छन् ।

आजसम्मका सरकारले चाडपर्वमा र अन्य समयमा पनि बजार अनुगमन गरेको दाबी गरे । तर, बजारमा अचाक्ली मूल्यवृद्धि, मिसावट र म्याद गुज्रिएका सामग्रीको बिक्रीसमेत बढ्यो । कतिपय पसलमा मूल्यसूची नै राखिएन । दसैँपछि भारतीय बिस्कुटमा गाईवस्तुको दाना राखेर बनाइएको सामग्री नेपाली बजारमा भेटिएको सार्वजनिक भयो । सरकारहरूले नेपालमा एउटा गुणस्तरीय बिस्कुट कम्पनीसमेत स्थापना गर्न सकेनन् । केही गर्न नसक्ने सरकारहरू सिंहदरबारमा किन बस्ने ? प्रश्न उठ्नु स्वाभाविक हो ।

चाडपर्वमा बिक्रीमा राखिएका खाद्यान्नमा स्वच्छता नहुँदा धेरै नेपाली बिरामी हुन्छन् । खाद्यवस्तुको वैज्ञानिक परीक्षण गर्ने बन्दोबस्त सरकारले गर्न चाहेन । उपभोक्ता अधिकार संरक्षणको लागि कानुन पनि बन्यो तर प्रभावकारी कार्यान्वयन गरिएन । चाडपर्व सकिएपछि सरकारको अनुगमन झन् फितलो हुने निश्चित छ । खाद्य सामग्रीको उत्पादन र वितरण सरकारी निकायबाटै हुने व्यवस्था भए जनताको स्वास्थ्यमा भइरहेको खेलबाड नियन्त्रण हुनेछ । उपभोक्ताले सामान खरिद गर्दा बिल लिने र गुणस्तरहीन सामग्री बिक्री गरेको पाइएमा सम्बन्धित उत्पादक तथा बिक्रेतालाई कडा कारबाही हुने कानुनी व्यवस्था आवश्यक छ । यस्तो व्यवस्था गर्न आजसम्मका सरकारहरू तयार किन भएनन् ?

चुनावले इजरायलमा परिवर्तन ल्याउन सक्दैन !

✍ डायना बुतु

इजरायली चुनावी अभियानभरि दुईवटा 'गुट' मा ध्यान केन्द्रित रहेको छ - एउटाको नेतृत्व प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गरेका छन् भने अर्को उनको विपक्षमा छ । बाहिरी पर्यवेक्षकका लागि, 'नेतन्याहु-समर्थक' र 'नेतन्याहु-विरोधी' जस्ता विशेषणहरूले देशका लागि दुई फरक दृष्टिकोणहरू छन् भन्ने सङ्केत गर्छन । आगामी सरकारका नीतिहरू चुनावमा कुन पक्षले जित्छ भन्ने कुरामा निर्भर हुनेछन् भन्ने बुझाउँछन् ।

यो अनुमान अनौठो होइन । विश्वभरका विभिन्न देशहरूमा, चुनावी प्रतिस्पर्धाका क्रममा विभिन्न उम्मेदवारहरूले आ-आफ्नो देशका लागि फरक-फरक दृष्टिकोणहरू प्रस्तुत गर्छन् । तर इजरायलमा र विशेष गरी प्यालेस्टिनीहरूको सन्दर्भमा भन्नुपर्दा, यो कुरा वास्तविकताभन्दा निकै टाढा छ ।

विदेशी कूटनीतिज्ञहरू काल्पनिक 'दुई-राज्य समाधान' (two–state solution)को भविष्यबारे सोध्छन् र गाजामा पुनर्निर्माणका योजनाहरूबारे कुरा गर्छन् । उनीहरूको धारणा छ कि प्रगतिको अभावको कारण नेतन्याहू हुन् । उनी नभएमा सबै कुरा परिवर्तन हुनेछ । हामी केवल यस्तो कामना गर्नसक्छौं ।

कसैलाई लाग्न सक्छ कि तीन वर्षदेखिको नरसंहार, युद्ध अपराधसम्बन्धी सम्भावित अभियोगहरू, अन्तर्राष्ट्रिय न्यायालयका फैसला तथा त्यहाँ विचाराधीन मुद्दाहरू, साथै इजरायलका अत्याचारहरूलाई दस्ताबेजीकरण गरेका थुप्रै प्रतिवेदनहरूले इजरायली चुनावलाई प्रभावित पार्नेछन् । मतदान गर्न जाँदा इजरायलीहरूले आफूले प्यालेस्टिनीहरूप्रति गरेका व्यवहार, त्यसले भविष्यमा कस्तो परिणाम निम्त्याउला भन्ने



कुरा र अझ स्वार्थपूर्ण ढङ्गले भन्नुपर्दा, त्यसले स्वयम् उनीहरूका लागि के अर्थ राख्छ भन्ने विषयमा सोच्नेछन् भन्ने अनुमान गर्न सकिन्छ । तर उनीहरू त्यसो गर्ने छैनन् ।

यसको सट्टा उनीहरूमध्ये अधिकांशले ती उम्मेदवारलाई भोट दिनेछन् जसले उनीहरूले जस्तै - प्यालेस्टिनीहरूलाई स्वतन्त्रताबाट निरन्तर वञ्चित राख्ने, पश्चिम किनारा (West Bank) मा निरन्तर उपनिवेश विस्तार गर्ने, गाजालाई निरन्तर ध्वस्त पार्ने, प्यालेस्टिनीहरूको नरसंहार जारी राख्ने तथा छिमेकी सार्वभौम राष्ट्रहरूमा निरन्तर बमबारी गर्ने र त्यहाँको भूमि हडप्ने कार्यको समर्थन गर्छन् ।

उम्मेदवारहरू स्वयम्ले अघि सारेका नारा र भनाइहरूमा यी सबै कुरा स्पष्ट देखिन्छन्, नेतन्याहूका समर्थकहरूले गाजालाई पूर्ण रूपमा ध्वस्त पार्न आह्वान गरेका छन्, कब्जा गरिएको पश्चिम किनारालाई पनि गाजाजस्तै बनाउने इच्छा व्यक्त गरेका छन् र प्यालेस्टिनीहरूमध्ये कोही पनि निर्दोष छैनन् भनी दाबी गरेका छन् ।

उनीहरूको प्रचार सामग्रीमा, बुलडोजरले प्यालेस्टिनी घरहरू भत्काएको, प्यालेस्टिनीहरू भोकै बसेको र सर्वसाधारण बस्ने क्षेत्रहरूमा इजरायली बम विस्फोट भएको देखाइएको छ, जसमा उम्मेदवारहरूले अझ धेरै वाचा गरेका छन् । 'कब्जा गर, धपाऊ, बसोबास गराऊ' (Occupy. Expel. Settle) - यो एउटा नारा हो ।

कस्तो छ त विपक्षीको अवस्था ? उनीहरूको अडानमा पनि कुनै फरक छैन । उदाहरणका लागि, नेतन्याहूका कट्टर प्रतिद्वन्द्वी एभिग्डोर लिबरम्यानले पनि लामो समयदेखि 'गाजामा कोही पनि निर्दोष छैनन्' भन्ने धारणा राख्दै आएका छन् । उनले र उनको दलका सदस्यहरूले गाजामा खाद्य सामग्री पुग्न नदिन अवरोध गरेका छन् र लेबननलाई कब्जा गर्न खुलेआम आह्वान गरेका छन् ।

याइर गोलानजस्ता वामपन्थी मानिने विपक्षी दलका सदस्यहरूले समेत प्यालेस्टिनलाई अन्तर्राष्ट्रिय मान्यता दिइएको विषयको आलोचना गरेका छन् र पश्चिम किनाराको कब्जा गरिएको क्षेत्रमा इजरायलका अवैध बस्तीहरूलाई समर्थन गरेका छन् ।

विपक्षी दलहरूका कुनै पनि उम्मेदवार प्यालेस्टिन राज्यको स्थापनालाई समर्थन गर्दैनन् ।

त्यसैले अक्टोबर २७ को मतदानमा, नरसंहार र 'दुई-राज्य समाधान' को विषय समावेश हुनेछैन; न त इजरायलको 'सधैँ चलिरहने युद्ध' (Forever Wars) पनि त्यसमा समेटिने छन् । बरु, चुनावी प्रतिस्पर्धा सानातिना विवरणहरूमा केन्द्रित हुनेछ - जस्तै, के हारेदिम (अति-रूढीवादी) यहुदीहरूले यी युद्धहरूमा भाग लिनुपर्छ वा पर्दैन र प्यालेस्टिनीहरूलाई कति हदसम्म दण्डित गरिनुपर्छ ।

सङ्क्षेपमा भन्नुपर्दा, इजरायलमा हुन गइरहेको यो चुनावले सरकारको अनुहार त बदल्न सक्छ तर नीति भने बदल्ने छैन ।

त्यसोभए प्रश्न यो उठ्छ कि, कस्तो प्रकारको समाजले ती राजनीतिज्ञहरूलाई अत्यधिक मत दिएर जिताउँछ, जो युद्ध अपराध गर्ने आफ्नो इच्छाबारे खुलेआम कुरा गर्छन् ? यसको जवाफ यस तथ्यमा निहित छ कि इजरायलमा यी अपराधहरू सामान्यीकरण भइसकेका छन् -यति धेरै सामान्य भइसकेका छन् कि यिनको पक्षमा वकालत नगर्नु नै अनौठो मानिन थालेको छ ।

प्यालेस्टिनीहरूका घरहरूको भग्नावशेषमा इजरायलको स्थापना र प्यालेस्टिनीहरूको जातीय सफायामार्फत इजरायली समाजले आफ्ना कुनै पनि कार्यका लागि कहिल्यै कुनै परिणाम सामना भोग्नुपरेको छैन चाहे ती कार्यहरू जग्गा हडप्ने, हत्या गर्ने, कैद गर्ने, सामूहिक सजाय दिने वा नरसंहार गर्ने नै किन नहोऊन् ।

विश्वले इजरायलीहरूलाई दिएको सन्देश यो हो कि उनीहरू 'आफ्नो अधिकारमा' छन्, र उनीहरूले चाहेको कुरा - अर्थात् 'प्यालेस्टिनीहरूबिनाको प्यालेस्टिन' - प्राप्त गर्नका लागि प्यालेस्टिनीहरूविरुद्ध अझ बढी हिंसा गर्नु नै पर्याप्त छ ।

त्यसैले विदेशी कूटनीतिज्ञहरू र तिनका सरकारहरूले नेतन्याहूलाई हटाउनुलाई नै समाधानका रूपमा हेरिरहेका हुन सक्छन् तर यसले मुख्य समस्याको समाधान गर्नेछैन । मुख्य समस्या यो हो - इजरायलीहरूको यो विश्वास कि उनीहरूसँग अरूभन्दा उच्च अधिकार छ कि उनीहरूले प्यालेस्टिनीहरूलाई आफूले चाहेअनुसार गर्न सक्छन् र उनीहरूलाई कसैले रोक्न सक्दैन ।

धेरै लामो समयदेखि इजरायललाई यो भनिँदै आएको छ कि उसले जे मन लाग्यो त्यही गर्न सक्छ र अन्तर्राष्ट्रिय स्तरमा कुनै परिणाम भोग्नु पर्दैन । परिवर्तन देश भित्रबाट आउने छैन । यो बाहिरबाट, परिणामहरूको रूपमा मात्र आउन सक्छ ।

उदाहरणका लागि, प्रतिबन्धहरूले काम गर्न सक्छ । इजरायललाई आर्थिक र राजनीतिक रूपमा अलग-अलग पार्ने र इजरायलीहरूलाई यो स्पष्ट पार्ने व्यापक प्रतिबन्धहरू - कि उनीहरूसँग जवाफदेही हुनु नपर्ने गरी अत्याचार गर्ने कुनै विशेष अधिकार छैन ।

इजरायली चुनावमा जुनसुकै समूहले जिते पनि, अन्तर्राष्ट्रिय समुदायले आफ्नो मौनता र सहुलियतको नीति परिवर्तन गर्नुपर्छ । यदि त्यसो भएन भने मलाई शङ्का छ कि 'कब्जा गर, धपाऊ, बसोबास गराऊ' भन्ने कुरा एउटा चुनावी नारामा मात्र सीमित रहनेछैन । यो एउटा यस्तो प्रतिबद्धता बन्नेछ जसलाई दुवै 'गुट' हरूले पूरा गर्नेछन् ।

फोटो : अक्टोबर २७, २०२६ मा हुने इजरायलको संसदीय निर्वाचनअघि, अक्टोबर ७, २०२३ को आक्रमणबारे छानबिन गर्न एक स्वतन्त्र राज्य आयोग गठनको माग गर्दै इजरायलीहरूले अक्टोबर २४, २०२६ मा तेल अभिभमा प्रदर्शन गरे । (अम्मर अवाद/रोयटर्स)

नेपालीहरू भारतविरोधी होइनन् - १

✍ योगेन्द्रमान बिजुक्छें

(वर्तमान सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले विवादास्पद अभिव्यक्तिहरू निरन्तर दिँदै आएका छन् । केही महिनाअघि पश्चिमी गोलार्द्धलाई आफ्नै अधीनमा राख्ने अमेरिकी 'मुनरो नीति' को समर्थन गर्दै नेपाललगायत दक्षिण एसियाका अन्य देशहरूले छिमेकी भारतको अधीनता स्वीकार गर्नुपर्ने आशयको अभिव्यक्ति दिएका थिए । फेरि केही दिनअघि भारतमा आयोजित एनडीटीभीको एउटा कार्यक्रममा उनले दिएको अभिव्यक्ति नेपाली सञ्चारमाध्यम र सामाजिक सञ्जालमा विवादास्पद बनेको छ ।

विशेष गरी उनले 'अब नेपालको भारतविरोधी राष्ट्रियता, आर्थिक र कूटनीतिक नीतिको अन्त्य भएको' घोषणा गरे । नेपालको परराष्ट्रमन्त्रीको हैसियत बिर्सेर उनी भारतीय विदेशमन्त्रीसँग एउटै मञ्चमा बसेका थिए । उनी दर्शकदीर्घामा बसेर आफ्ना समकक्षी भारतीय विदेशमन्त्रीलाई प्रश्न गरिरहेको दृश्यले कूटनीतिक मर्यादाको ख्याल नगरी नेपालको बेइज्जत गरेको र भारतको ताबेदारी गरेको आरोप उनीमाथि लागेको छ ।

नेपालको नीति भारतविरोधी रहँदै आएको भन्ने उनको बुझाइ गलत र तथ्यहीन छ । मन्त्री वाग्लेले आफूलाई जानकारी नै नभएको विषयमा बोल्दै भारतको चाकरी गरेको धेरैले बुझेका छन् । नेपाल–भारत सम्बन्धका बारेमा भारतका पूर्वराजदूत रञ्जित रेले आफ्नो संस्मरणात्मक पुस्तक 'काठमाडौँ डिलेमा' मा पनि नेपालीहरू किन भारतको विरोध गर्छन् भनी गुनासो गरेका छन् ।

उनको भनाइलाई स्पष्ट पार्न लेखिएका केही टिप्पणीले 'मजदुर' दैनिक तथा आम पाठकलाई नेपालीहरू भारतविरोधी किन होइनन् भन्ने बुझ्न सहयोग पुग्ने उद्देश्यले यो आलेख पुनः प्रकाशित गरिएको छ । पूर्वराजदूत रेको जिकिरलाई यहाँ सङ्क्षिप्त पारिएको छ । सं.)

पूर्वराजदूत रञ्जित रेको जिकिर

१. भूकम्पपछिको भारतीय सहयोग र नेपालीहरूको प्रतिक्रिया

सन् २०१५ (वि.सं. २०७२) को अप्रिलमा नेपालमा विनाशकारी भूकम्प गएपछि भारतले नेपालको सहयोगका लागि छ घण्टाभित्रै प्रभावित १४ जिल्लामा पुगेर उद्धार तथा राहत कार्य गरेको थियो । त्यस सहयोगको कुल मूल्य रु. ४५० करोड (६५ मिलियन अमेरिकी डलर) बराबर थियो, जुन त्यतिबेला कुनै पनि देशले उपलब्ध गराएको सबैभन्दा ठुलो सहयोग थियो । तर, यति ठुलो सहयोगका बाबजुद पनि नेपालीहरूले भारतको नियतमाथि शङ्का गर्ने गरेको र काठमाडौँमा भारतविरोधी भावना फैलिएको लेखकको भनाइ छ । सामाजिक सञ्जाल तथा अन्य सञ्चारमाध्यममा भारतविरोधी हल्ला फैलिएका थियो । सामाजिक सञ्जालमा 'भारतीय मिडिया, भारतै फर्क' र 'भारत, आफ्नै देश फर्क' जस्ता भनाइ भाइरल भइरहेको थियो ।

भूकम्पपछिको आफ्नो दिल्ली भ्रमणको क्रममा मैले प्रधानमन्त्री नरेन्द्र मोदीलाई यसबारे जानकारी गराउँदा उहाँले 'नेपालीहरू भारतीयहरूलाई किन मन पराउँदैनन् ?' भनेर सोध्नुभयो । प्रधानमन्त्री मोदीको त्यही प्रश्नको जवाफ खोज्ने प्रयासमा मैले आफ्नो पुस्तकको पहिलो अध्यायमा चर्चा गर्ने कोसिस गरेको छु ।



वि.सं. २०७२ को भूकम्पको बेला भारतले मात्र होइन, चीन, क्युवा, टर्की, जापान, कोरियालगायत धेरै देशले सहयोग गरेका थिए । विभिन्न गैरसरकारी तथा अन्तरसरकारी संस्था र व्यक्ति विशेषले समेत मनग्य सहयोग गरेका थिए ।

भारत-नेपाल सम्बन्धका केही व्यक्तिगत संस्मरण

भारत-नेपाल सम्बन्धको प्रकृति र जटिलताको सम्झना गराउने केही व्यक्तिगत संस्मरण म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क) माधवकुमार नेपालसँगको भेट

नेता माधवकुमार नेपालसँग कोटेश्वरस्थित उहाँको घरमा भेट्दा उहाँले दुई देशबिच बराबरी हैसियतको मित्रता हुनुपर्नेमा भारतले 'भाइ-भाइको सम्बन्ध' को कुरा किन गर्छ भनी सोध्नुभयो । सायद माधवजीले तत्कालीन विदेशमन्त्री सुष्मा स्वराजले 'भारत ठुलो दाइ होइन, आफ्नो कान्छो आफन्तको हेरचाह गर्ने ठुलो दाइ हो' भन्ने आशयमा गरेको टिप्पणीलाई लिएर त्यसो भन्नुभएको हुनुपर्छ ।

ख) फूटबल प्रतियोगितामा भारतीय खेलाडीप्रतिको व्यवहार

सन् २०१३ को सेप्टेम्बरमा काठमाडौँको दशरथ रङ्गशालामा भारत र अफगानिस्तानबिच फूटबल प्रतियोगिता भएको थियो । फूटबल असाध्यै मन पराउने नेपालीहरू 'धोती, धोती' भन्दै भारतीय खेलाडीहरूलाई गाली गरिरहेका थिए र रङ्गशाला त्यही आवाजले गुञ्जायमान थियो । काठमाडौँ उपत्यकामा भारत र अर्को कुनै देशको टोलीबिच प्रतिस्पर्धा हुँदा नेपालीहरू प्राय: भारतको नभई अर्को देशको पक्षमा उभिने गर्छन् ।

ग) 'बुद्ध नेपालमा जन्मेका हुन्' भन्ने विषय

एकपटक हनुमानढोका जाँदै गर्दा न्युरोडनजिकै 'बुद्ध नेपालमा जन्मेका हुन्' भन्ने नारा लेखिएका टिसर्ट लगाएका युवाहरूको जमघट देख्याँ । हामी प्रदर्शनको नजिक पुग्दा मेरो व्यक्तिगत सुरक्षा अधिकारी चिन्तित भए । उनले तुरुन्तै फर्किनुपर्ने बताए, नत्र स्थिति भयावह हुनसक्ने उनको भनाइ थियो ।

नेपालमा बुद्ध जन्मेको तथ्यलाई सार्वजनिक प्रदर्शनमार्फत दोहोऱ्याउनुपर्ने आवश्यकता किन पऱ्यो भनेर म सोचिरहेको थिएँ । नेपालका लागि यो विषय किन यति संवेदनशील बन्यो ? यदि कुनै भारतीयले बुद्ध भारतभूमिमा जन्मेका हुन् वा बुद्ध भारतमा जन्मेका हुन् भन्यो भने नेपालमा प्रदर्शन हुने गर्छन् ।

घ) बुद्धसम्बन्धी भारतीय विदेशमन्त्रीको अभिव्यक्ति

अगस्ट २०२० मा भारतीय उद्योग परिसङ्घको आयोजनामा भएको वेबिनारमा विदेशमन्त्री एस. जयशङ्करले अनौपचारिक टिप्पणीका क्रममा 'बुद्ध भारतका दुई महापुरुषमध्ये एक हुन्' भनेपछि नेपालमा विरोधको लहर उठ्यो । नेपालीहरूले बुद्ध भारतीय नभएको दाबी गरे । बुद्धिजीवी, पूर्वकर्मचारी र एक पूर्वप्रधानमन्त्रीले समेत उक्त टिप्पणीलाई अनुचित भने ।

नेपालको परराष्ट्र मन्त्रालयले आधिकारिक विज्ञप्ति जारी गर्दै गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको तथ्य स्थापित र निर्विवाद रहेको उल्लेख गऱ्यो । सोही विज्ञप्तिमा लुम्बिनी बुद्ध दर्शनको स्रोतसमेत भएको स्पष्ट पारियो ।

ङ) बुद्धको जन्मस्थलबारे भारतको धारणा

सन् २०१४ मा नेपालको संविधानसभामा सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वमा शान्तिका दूत बुद्ध नेपालमा जन्मेको कुरा पुष्टि गरेका थिए । भारतको परराष्ट्र मन्त्रालयले पनि बुद्ध नेपालमा जन्मेका हुन् भन्नेमा कुनै शङ्का नरहेको र बौद्ध सम्पदा भारत तथा नेपाल दुवैको साझा सम्पदा भएको सङ्केत गर्दै विवादलाई सामान्य बनाउने प्रयास गरेको थियो ।

बुद्ध नेपालमा जन्मेका हुन् भन्ने तथ्यलाई नेपालले आत्मसात गरेको छ । यो नेपालको राष्ट्रिय पहिचानसँग जोडिएको विषय हो । भारतले यस तथ्यलाई आफ्नो पक्षमा पार्ने वा त्यसको श्रेय लिन खोज्ने प्रत्येक प्रयासको नेपालले कडा विरोध गर्छ ।

लेखकका विचारमाथि आलोचनात्मक टिप्पणी

बुँदा १ सम्बन्धमा


भारतले नेपाललाई गरेको सहयोगका बाबजुद नेपालीहरूले भारतप्रति देखाएको प्रतिक्रियाबारे लेखकको चित्तदुखाइ जायज छैन । लेखकले प्रस्तुत गरेको वृत्तान्तबाट उनको मनसाय स्पष्ट हुन्छ–नेपाललाई सहयोग गरेबापत नेपाल र नेपालीहरू भारतप्रति नतमस्तक हुनुपर्छ भन्ने उनको अपेक्षा देखिन्छ ।

सक्षम देशले कमजोर देशलाई तथा आपतविपतको बेला एउटा देशले अर्को देशलाई सहयोग गर्नु छिमेकीहरूबिचको सामान्य परम्परा हो । अझ प्राकृतिक प्रकोपका बेला यस्तो सहयोग मानवीय भावनाका आधारमा गरिन्छ ।

वि.सं. २०७२ को भूकम्पको बेला भारतले मात्र होइन, चीन, क्युवा, टर्की, जापान, कोरियालगायत धेरै देशले सहयोग गरेका थिए । विभिन्न गैरसरकारी तथा अन्तरसरकारी संस्था र व्यक्ति विशेषले समेत मनग्य सहयोग गरेका थिए ।

यस्तो सहयोगकै हिसाब गर्ने हो भने बेलायती साम्राज्यवादले भारतमा दुई सय वर्षको औपनिवेशिक शासनकालमा विभिन्न पूर्वाधार निर्माणमा खर्च गरेको थियो । तर, भारत बेलायतप्रति नतमस्तक भएन; बरु बेलायतलाई भारत छोड्न बाध्य बनायो । त्यसैले कुनै देशको स्वतन्त्रता, सम्मान र सार्वभौमिकतालाई सहयोगसँग साट्न खोज्नु हैकमवादी सोच मात्र हो ।

नेपालीहरूले भारतलाई किन रुचाउँदैनन् भन्ने प्रश्नको जवाफ भारतकै शासकवर्गको व्यवहारमा खोज्नुपर्छ । यस सम्बन्धमा लेखक स्वयंले पनि पुस्तकमा धेरै कुरा प्रस्तुत गरेका छन् । विश्वमञ्चमा नेपाल र नेपालीलाई गाली गर्ने तथा खराब देखाउने देश सायदै होला भन्ने हाम्रो भनाइ होइन; तर नेपालप्रतिको भारतीय शासकवर्गको व्यवहार र त्यसबाट उत्पन्न प्रतिक्रियालाई बेवास्ता गर्न मिल्दैन । यस विषयमा लेखकको निष्कर्षले सम्पूर्ण भारतीय जनताको प्रतिनिधित्व गर्न सक्दैन ।



जनस्तर र सांस्कृतिक तहमा दुई देशबिचको सम्बन्धमा यस्ता अप्ठ्यारा देखिँदैनन् । भारतीय कर्मचारीतन्त्र र केही राजनीतिज्ञमा रहेको औपनिवेशिक सोच नै यसको कारण हो भन्नु अतिशयोक्ति नहोला ।

बुँदा २ को (क) देखि (ङ) सम्मका सम्बन्धमा

नेहरूको पालादेखि नै भारतीय शासकहरूमा रहेको एउटा भ्रम के हो भने नेपाल पहाडी देश हो र यहाँका मानिसहरू अनपढ तथा अन्तर्राष्ट्रिय मुद्दाबारे अनभिज्ञ छन् । नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न सङ्घर्ष गर्ने विषयमा गणेशमान सिंह र मातृकाप्रसाद कोइरालासँग कुरा गर्दा जवाहरलाल नेहरूले 'तिमीहरूलाई प्रजातन्त्र भनेको के हो थाहा छ ?' भनेर झपारेको प्रसङ्ग यसको एउटा उदाहरण हो । (पढ्नुहोस्: मातृकाप्रसाद कोइरालाको पुस्तक 'ए रोल इन रिभोलुसन', पृष्ठ ...)

नेपालीहरूले बुद्ध नेपालमा जन्मेका हुन् र नेपाल एउटा सार्वभौम राष्ट्र हो भन्ने तथ्य पटक-पटक किन दोहोऱ्याउँछन् भन्ने प्रश्न लेखकले उठाएका छन् । नेपालीहरूलाई यसो गर्न बाध्य पार्ने भारतीय शासकहरू नै हुन् । पुस्तकमा उल्लेख गरिएका प्रसङ्गहरूले नै यसको पुष्टि गर्छन् । कहिले सुष्मा स्वराज त कहिले श्यामशरणले दिएका विवादास्पद अभिव्यक्तिले नेपालीहरूलाई आफ्नो राष्ट्रिय पहिचान र सार्वभौमिकताबारे स्पष्ट पार्न बाध्य बनाएका हुन् । नेपालीहरूको यो संवेदनशीलतालाई सबैले बुझ्नु आवश्यक छ ।

भौगोलिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले नेपाल तथा नेपालीहरू उत्तरी छिमेकी चीनको तुलनामा दक्षिणी छिमेकी भारतसँग धेरै निकट छन् भन्ने कुरा सर्वविदितै छ । तर, नेपालप्रति गुनासो दक्षिणी छिमेकीले मात्र गर्ने र उत्तरी छिमेकीले नगर्ने अवस्था आफैँ मा अनौठो छ । नेपाल र नेपालीले आफ्नो पहिचान तथा अस्तित्वसँग सम्बन्धित विषयमा गर्ने गतिविधिलाई चीनको उक्साहटको परिणाम ठान्ने भारतीय सञ्चारमाध्यम र कर्मचारीतन्त्रको मानसिकता यथार्थभन्दा निकै फरक छ ।

माओको समयदेखि नै उत्तरी छिमेकी चीनले नेपाल र भारतबिचको सम्बन्ध अझ राम्रो होस् भन्ने चाहना राख्दै आएको छ । यसको कारण नेपाल भौगोलिक तथा सांस्कृतिक रूपमा भारतसँग निकट हुनु हो । तर, आज नेपाललाई पश्चिमी देशहरू, विशेषगरी अमेरिका र युरोपेली देशहरूले भारतको सहयोगमा नेपाली भूमि प्रयोग गरी चीनको भूराजनीतिक संवेदनशीलतामा खलल पुऱ्याउन निरन्तर चलखेल गरिरहेको पृष्ठभूमिमा चीन नेपालप्रति पहिलेभन्दा बढी सशङ्कित भई चासो राख्नु अस्वाभाविक होइन ।

तर, यसको अर्थ भारतजस्तो खुला हस्तक्षेपको तहमा चीन आएको छ भन्ने देखिँदैन । सायद यही कारणले होला, भारत र चीनलाई हेर्ने नेपाल तथा नेपालीहरूको दृष्टिकोण फरक छ ।

नेहरूको पालादेखि नै भारतीय शासकहरूमा रहेको एउटा भ्रम के हो भने नेपाल पहाडी देश हो र यहाँका मानिसहरू अनपढ तथा अन्तर्राष्ट्रिय मुद्दाबारे अनभिज्ञ छन् । नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न सङ्घर्ष गर्ने विषयमा गणेशमान सिंह र मातृकाप्रसाद कोइरालासँग कुरा गर्दा जवाहरलाल नेहरूले 'तिमीहरूलाई प्रजातन्त्र भनेको के हो थाहा छ ?' भनेर झपारेको प्रसङ्ग यसको एउटा उदाहरण हो । (पढ्नुहोस्: मातृकाप्रसाद कोइरालाको पुस्तक 'ए रोल इन रिभोलुसन', पृष्ठ ...)



युरोपेली देश फ्रान्समा बढ्दो जातिवादी र रङ्गभेदी आक्रमणविरुद्ध देशको राजधानी पेरिसको बाटाइले डि स्टालिनग्राड आयोजित जातिवादविरोधी प्रदर्शनमा सहभागी फ्रान्सेली जनता अक्टोबर २६, २०२६ को साँझ । एक प्रदर्शनकारीले समातेको पोस्टरमा ' म कुनै जातिवादी होइन किनभने मेरो कालो वर्णका साथीहरू छन् । म कउसोस (एक अफ्रिकी परिकार) पनि खान्छु र मसित दिमाग छ ।' लेखिएको छ । उक्त प्रदर्शन देशको येभलिनेस प्रान्तको टेपलिसमा अक्टोबर २३ मा भएको जातिवादी गोलीबारीमा मारिएका कालो वर्णका पीडितहरूप्रति ऐक्यबद्धता जनाउन आयोजना गरिएको थियो । *तस्बिर : डिमिटार डिलकोफ/एएफपी*

हुथीलाई साउदीको एक अर्ब डलर प्रस्ताव

तेल अभिव (इजरायल), १० कार्तिक (एएनआई) । साउदी अरेबियाले यमनका हुथी विद्रोहीसँग युद्धविराम कायम गर्न र आफ्नो देशमाथिको आक्रमण रोक्न इरानको मध्यस्थतामा भएको वार्ताका क्रममा एक अर्ब अमेरिकी डलर दिने प्रस्ताव गरेको इजरायली सञ्चारमाध्यमले जनाएका छन् । यद्यपि, रकम हस्तान्तरण भएको पुष्टि भएको छैन ।

रिपोर्टअनुसार साउदी रक्षामन्त्री राजकुमार खालिद बिन सलमान हुथीहरूसँग युद्धविरामबारे वार्ता गर्न तेहरान पुग्नुभएको थियो । एक कूटनीतिक स्रोतले उहाँ चढेको हर्क्युलस सैन्य विमानमा रकमसमेत ल्याइएको दाबी गरे पनि साउदी अधिकारीले यसको पुष्टि गरेका छैनन् ।

वार्तामा टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन, पाकिस्तानी सेना प्रमुख फिल्ड मार्शल असीम मुनीर तथा इरानका राष्ट्रपति मसुद पेजेस्कियानसहित वरिष्ठ अधिकारीहरू सहभागी रहेको बताइएको छ ।

साउदी विमानस्थल र तेलसम्बन्धी संरचनामाथि बढ्दो आक्रमणले आर्थिक क्षति पुऱ्याइरहेका बेला इरानले साउदी अरेबिया र हुथीहरूबिच मध्यस्थता गर्ने प्रस्ताव गरेको हो । हर्मुज जलघाँटीमा ट्याङ्करमाथि भएका इरानी आक्रमणले खाडी क्षेत्रबाट हुने तेल निर्यातसमेत प्रभावित भएको रिपोर्टमा उल्लेख छ ।

साउदी विदेश मन्त्रालयले आफ्नो रक्षामन्त्री तथा मक्का संयुक्त रक्षा गठबन्धनका प्रतिनिधिहरूको तेहरान भ्रमण तनाव घटाउने, संवाद र कूटनीतिक समाधानलाई प्रोत्साहन गर्ने तथा कतार र पाकिस्तानको मध्यस्थता प्रयासलाई समर्थन गर्ने उद्देश्यले भएको जनाएको छ ।

साउदी अधिकारीका अनुसार हुथीहरूसँगको विवाद तीन वर्षअघि भएको समझदारी कार्यान्वयनसँग पनि सम्बन्धित छ । उक्त समझदारीमा हुथी नियन्त्रित क्षेत्रमा सार्वजनिक कर्मचारीको तलब भुक्तानी र नागरिक पूर्वाधार पुनर्निर्माणका लागि साउदी अरेबियाले आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था थियो । बदलामा हुथीहरूले युद्धविराम कायम राख्ने र साउदीमाथिका आक्रमण रोक्ने अपेक्षा गरिएको थियो ।

हुथीहरूले पछिल्ला महिनामा साउदी अरेबियाले पुरानो समझदारी कार्यान्वयन नगरेको आरोप लगाउँदै आएका छन् । तर, साउदी पक्षले सैन्य दबाबमा नयाँ युद्धविराम स्वीकार्न र यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारबाट कब्जा गरिएका क्षेत्र फिर्ता गर्नुअघि हुथीहरूलाई रकम दिन विरोध गरेको इजरायली सञ्चारमाध्यमले जनाएका छन् ।

इरान, अमेरिका र इजरायलबिच क्षेत्रीय तनाव बढिरहेको बेला भएको यो वार्तालाई तेहरानले आफ्नो क्षेत्रीय प्रभाव विस्तार गर्ने र नयाँ सुरक्षा संरचनाको पहल गर्ने प्रयासका रूपमा हेरिएको छ । पाकिस्तानी सेना प्रमुखको अघिल्लो साता भएको भ्रमणका क्रममा अघि बढाइएको यस पहललाई इरानी नेतृत्व र मक्का संयुक्त रक्षा गठबन्धनका प्रतिनिधिबिचको पहिलो औपचारिक बैठक भनिएको छ ।

अमेरिका र इजरायलको सैन्य हस्तक्षेपको विरोध गर्दै आएको इरानले आफूलाई क्षेत्रीय कूटनीतिक मध्यस्थकर्ताका रूपमा स्थापित गर्न खोजिरहेको रिपोर्टमा उल्लेख छ । तर, हुथीहरूलाई एक अर्ब डलर दिने प्रस्ताव र रकम तेहरान ल्याइएको दुवै दाबीको स्वतन्त्र पुष्टि भएको छैन ।

विश्व सङ्क्षेप

नेतन्याहुको भविष्यबारे निर्णय गर्दै इजरायली मतदाता

जेरुसेलम, १० कार्तिक (एपी) । तीन वर्षदेखि जारी युद्ध र देशको भविष्यबारे बढ्दो मतभेदका बिच इजरायली मतदाताले प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको राजनीतिक भविष्य निर्धारण गर्न मतदान गर्दै छन् । सन् २०२३ मा हमासको आक्रमणपछि हुन लागेको यो पहिलो राष्ट्रिय निर्वाचनले इजरायलको नेतृत्व र राष्ट्रिय चरित्रको दिशा पनि तय गर्नेछ ।

नेतन्याहुले पूर्वसैन्य प्रमुख गदी आइसेनकोटसहित उहाँलाई सत्ताबाट हटाउन खोज्ने दलहरूको चुनौती सामना गर्नुभएको छ । कुनै पनि दलले एक्लै बहुमत ल्याउने सम्भावना नरहेकाले सरकार गठनको लागि गठबन्धन र लामो वार्ता आवश्यक हुन सक्छ । अरब नेतृत्वका दलहरू निर्णायक बन्न सक्नेछन् ।

नेतन्याहुका समर्थकले उहाँलाई युद्धको नेतृत्व गर्न सक्ने अनुभवी राजनीतिज्ञ र यहुदी पहिचानका रक्षकका रूपमा हेर्छन् । तर, विपक्षीहरूले भ्रष्टाचारसम्बन्धी मुद्दा, गाजाको युद्ध र बन्धक सङ्कटलाई लिएर उहाँको आलोचना गर्दै स्वतन्त्र न्यायपालिकालाई कमजोर बनाएको तथा अति-रूढिवादी यहुदी पुरुषलाई अनिवार्य सैनिक सेवाबाट छुट दिएको आरोप लगाएका छन् ।

निर्वाचनमा इरानसँगको तनाव र इजरायलको अन्तर्राष्ट्रिय छवि पनि महत्त्वपूर्ण विषय बनेका छन् । गाजा र पश्चिम किनारमा इजरायलको व्यवहार तथा यहुदी बस्तीका बासिन्दाबाट हुने हिंसाका कारण अन्तर्राष्ट्रिय आलोचना बढेको छ । अमेरिकामा इजरायलप्रतिको सार्वजनिक समर्थन घटेको छ भने युरोपका केही साझेदारले प्रतिबन्ध लगाएका छन् ।

एआई विस्तारसँगै झाङ चीनको सबैभन्दा धनी व्यक्ति

पेइचिङ, १० कार्तिक (एपी) । बाइटडान्सका संस्थापक झाङ यिमिङ कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा कम्पनीको विस्तारका कारण चीनका सबैभन्दा धनी व्यक्ति बन्नुभएको छ । हुरुन रिसर्च इन्स्टिच्युटको नयाँ सूचीले प्रविधि क्षेत्रको सम्पत्ति बढ्दा उपभोक्ता बजार र घरजग्गा क्षेत्रका व्यवसायी भने दबाबमा रहेको देखाएको छ ।

हुरुनका अनुसार पाँच अर्ब युआनभन्दा बढी सम्पत्ति भएका चिनियाँको सङ्ख्या गत वर्षको तुलनामा ६.६ प्रतिशतले बढेर एक हजार ५२९ पुगेको छ । अमेरिकी डलरमा आधारित गणनाअनुसार अर्बपतिको सङ्ख्या पनि १५५ ले बढेर एक हजार १७६ पुगेको छ ।

हुरुनका अध्यक्ष रुपर्ट हुगेवर्फका अनुसार सूचीमा रहेका १६० जना अर्थात् करिब १० प्रतिशतले एआईबाट सम्पत्ति आर्जन गरेका छन् । बाइटडान्सको 'डुबाओ' चीनमा सबैभन्दा बढी प्रयोग हुने एआई सहायक बनेको छ । यही कम्पनी लोकप्रिय छोटो भिडियो मञ्च डुइन र टिकटकको पनि सञ्चालक हो ।

बोतलको पानीका व्यवसायी झोङ सानसानको सम्पत्ति २३ प्रतिशत घटेर ६१ अर्ब अमेरिकी डलरमा सीमित भएपछि उहाँ दोस्रो स्थानमा झर्नुभएको छ । विद्युतीय सवारीसाधनका लागि ब्याट्री उत्पादन गर्ने विश्वकै ठूलो कम्पनीका प्रमुख रोबिन जेङ तेस्रो स्थानमा हुनुहुन्छ । एआई कम्पनी डीपसिकका संस्थापक लियाङ वेनफेङ सातौँ र एआई चिप निर्माता क्याम्ब्रिकनका अध्यक्ष चेन तियान्सी दसौँ स्थानमा रहनुभएको छ ।

चीनको अर्थतन्त्र जुलाईदेखि सेप्टेम्बरसम्म अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.५ प्रतिशतले बढेको थियो । चीनले यस वर्ष ४.५ देखि पाँच प्रतिशतसम्म आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यो गत वर्षको पाँच प्रतिशत वृद्धिभन्दा केही कम हो ।

नेतन्याहुविरुद्ध विपक्षी दलको मोर्चा

जेरुसेलम, १० कार्तिक (एएफपी) । इजरायलमा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई सत्ताबाट हटाउने लक्ष्यसहित केन्द्र-दक्षिणपन्थीदेखि वामपन्थीसम्मका विपक्षी दलहरू एकजुट भएका छन् । 'चेन्ज ब्लक' मा आबद्ध दलहरूले नेतन्याहु र उहाँका अति दक्षिणपन्थी सहयोगीलाई पराजित गर्न गठबन्धन बनाउने प्रतिबद्धता जनाएका छन् । अरब पार्टीले पनि सहभागी हुने इच्छा देखाएको छ तर अन्य दलले त्यसबारे स्पष्ट धारणा दिएका छैनन् ।

पूर्वसेना प्रमुख गदी आराइसेनकोट, पूर्वप्रधानमन्त्री नफ्ताली बेनेट, यायर लापिड, एभिग्डोर लिबरम्यान, यायर गोलन र अरब पार्टीका नेता मन्सुर अब्बास नेतन्याहुविरोधी मोर्चाका प्रमुख व्यक्तित्व हुनुहुन्छ ।

छैसठ्ठी वर्षीय आराइसेनकोट गाजा युद्धमा छोरा र दुई भतिजा गुमाएपछि सार्वजनिक सहानुभूति पाउनुभएको नेता हुनुहुन्छ । सन् २०२४ मा नेतन्याहुको युद्ध मन्त्रिपरिषद्बाट राजीनामा दिनुभएका उहाँले अर्को वर्ष आफ्नै याशर पार्टी स्थापना गर्नुभएको थियो ।

चौवन्न वर्षीय बेनेटले सन् २०२१ मा अरब पार्टीको समर्थनसहित विविध दलको गठबन्धन बनाएर नेतन्याहुको लगातार १२ वर्षको शासन अन्त्य गर्नुभएको थियो । उहाँको सरकार भने एक वर्षमै ढलेको थियो । दक्षिणपन्थी मतदातालाई आकर्षित गर्ने प्रयासमा रहनुभएका बेनेटले नेतन्याहुलाई विपक्षी गठबन्धनको सरकारमा समावेश गर्न सकिने धारणा पनि राख्नुभएको छ ।

धर्मनिरपेक्ष राष्ट्रवादी नेता एभिग्डोर लिबरम्यान कुनै समय नेतन्याहुका निकट सहयोगी हुनुहुन्थ्यो । अहिले उहाँले प्रधानमन्त्रीको सुरक्षा नीतिको आलोचना गर्दै आउनुभएको छ । उहाँले विदेश, रक्षा र अर्थ मन्त्रालयको नेतृत्व गरिसक्नुभएको छ ।

यायर गोलन नेतृत्वको 'द डेमोक्रेट्स' पार्टीले परम्परागत वामपन्थी धारको प्रतिनिधित्व गर्छ ।

अरब समुदायको प्रतिनिधित्व गर्ने मन्सुर अब्बासको पार्टी सन् २०२१ मा बेनेट नेतृत्वको गठबन्धन सरकारमा सहभागी हुने पहिलो अरब पार्टी बनेको थियो । इजरायलको जनसङ्ख्यामा अरब समुदायको हिस्सा करिब २० प्रतिशत छ । अब्बासको समर्थन विपक्षी गठबन्धनका लागि निर्णायक हुन सक्ने बताइएको छ ।

सुडानमा ड्रोन हमलामा २१ जनाको मृत्यु, ४० घाइते

खार्तुम, १० कार्तिक (एएफपी) । सुडानको पश्चिमी डार्फर क्षेत्रस्थित न्यालाको बजारमा सोमबार राति भएको ड्रोन हमलामा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने ४० जनाभन्दा बढी घाइते भएका छन् । चिकित्सा स्रोत र प्रत्यक्षदर्शीले मङ्गलबार एएफपीलाई दिएको जानकारीअनुसार, अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) को मुख्य आधार रहेको न्यालाको बजारलाई लक्षित गरी आक्रमण गरिएको हो ।

न्याला अस्पतालका एक चिकित्सकले आक्रमणमा २१ जनाको मृत्यु भएको र ४० जनाभन्दा बढी घाइते भएको पुष्टि गरेका छन् । तर, मृतक तथा घाइतेमध्ये कति जना आरएसएफका लडाकु थिए भन्ने यकिन हुन नसकेको उनले बताए ।

सुडानमा जारी युद्धमा पछिल्लो समय ड्रोनको प्रयोग व्यापक बनेको छ । दुवै पक्षले देशका विभिन्न क्षेत्रमा ड्रोनमार्फत आक्रमण गर्दा एकैपटक दर्जनौँ सर्वसाधारणको ज्यान जाने गरेको छ । संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार अक्टोबरका पहिलो तीन साताभै ड्रोन हमलामा ३०० भन्दा बढी मानिस मारिएका छन् भने सयौँ घाइते भएका छन् ।

सन् २०२३ मा युद्ध सुरु भएयता दुई लाखभन्दा बढी मानिसको मृत्यु भएको सहायता क्षेत्रमा कार्यरत व्यक्तिहरूको अनुमान छ । युद्धले सुडानमा विश्वकै सबैभन्दा ठूलो भोकमरी र विस्थापन सङ्कटसमेत निम्त्याएको छ ।

ओलेस्कीमा मानवीय सहायताका लागि युद्धविराम

किएभ, १० कार्तिक (एएफपी) । रुसी कब्जामा रहेको युक्रेनको दक्षिणी सहर ओलेस्कीमा मानवीय सहायता पुऱ्याउन र इच्छुक बासिन्दालाई सुरक्षित स्थानमा जान सहयोग गर्ने उद्देश्यले मङ्गलबार बिहानदेखि सीमित क्षेत्रको युद्धविराम लागू भएको छ । अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पले मध्यस्थता गर्नुभएको युद्धविराम प्रभावकारी भए-नभएको भने स्वतन्त्र पुष्टि भएको छैन ।

रुस र युक्रेनले स्थानीय समयअनुसार बिहान ३ बजेदेखि युद्धविराम पालना गर्ने बताएका छन् । रुसी रक्षा मन्त्रालयले खेरसन क्षेत्रमा गोलीबारी रोकिएको जनाएको छ भने युक्रेनका मानव अधिकार आयुक्त दमित्रो लुबिनेट्सले सहमति पालना भइरहेको बताउनुभएको छ । तर, किएभमा क्षेप्यास्त्र आक्रमणको चेतावनी जारी भएको थियो र एउटा प्रमुख पुलमा आक्रमण हुँदा मेट्रो पूर्वाधारमा क्षति पुगेको मेयर भिटाली क्लिट्स्कोले बताउनुभएको छ ।

सन् २०२२ मा रुसी सेनाले कब्जा गरेको ओलेस्कीमा युद्धअघि करिब २४ हजार मानिस बसोबास गर्थे । अहिले त्यहाँ करिब दुई हजार मानिस मात्र बाँकी रहेको अनुमान छ र तीमध्ये ५० जना बालबालिका छन् । खाद्यान्न र औषधिको अभाव झेलिरहेका उनीहरू सहर छाड्नसमेत कठिनाइ भोगिरहेका छन् । केही बासिन्दा परेवा सिकार गरेर र बगैँचामा उपलब्ध खानेकुराको भरमा गुजारा गर्न बाध्य छन् । पूर्वबासिन्दा ओल्गाका अनुसार त्यहाँ रोटी बनाउन आवश्यक पिठोसम्म बाँकी छैन ।

युद्ध र सन् २०२३ मा काखोभ्का बाँध भत्किएपछि आएको बाढीले ओलेस्कीमा ठुलो क्षति पुऱ्याएको छ । युक्रेनी सेनाले सार्वजनिक गरेका ड्रोन दृश्यमा क्षतिग्रस्त आवासीय भवन देखिएका छन् । सेनाले बाँकी बासिन्दालाई खाना र औषधि पुऱ्याउन ड्रोन प्रयोग गरेको जनाएको छ ।

युक्रेन युद्ध पाँचौँ वर्षमा प्रवेश गरिरहेका बेला भएको यो युद्धविरामपछि रुस, युक्रेन र अमेरिकाबिचको शान्ति वार्ता नोभेम्बरमा पुनः सुरु हुने तयारी छ । सन् २०२२ फेब्रुअरीमा रुसले पूर्णस्तरको आक्रमण थालेयता ठूलो सङ्ख्यामा सैनिक र सर्वसाधारणको मृत्यु भएको छ भने लाखौँ मानिस विस्थापित भएका छन् । रुसले युक्रेनको करिब पाँच भागको एक भाग नियन्त्रणमा राखेको छ ।

‘नेताहरू’ किन मन्दिर धाउँछन् ?

✍ मोहिनी

केही दिनअगाडि भक्तपुरको नवदुर्गा मन्दिर जाने बाटोमा बिहानैदेखि कडा पहरा थियो । वरपरका मानिसलाई सोधेँ, “किन यो तामझाम ?” उत्तर आयो - “राष्ट्रपति आउँदै छन् । नवदुर्गाको दर्शन गर्न ।”

२०४०-४५ सालतिर राजा वीरेन्द्रले चलाएका रहेछन् यो चलन । जनतालाई सुनाउन त्यति बेला कथा हालिएछ, “राजाको सपनामा दुर्गा भवनी प्रकट भएकी थिइन् । त्यही भएर दर्शन गर्न आए ।” आज पनि राष्ट्रपतिले राजाको एउटा कुरा समान पाइन्छ । त्यो हो - मन्दिर पस्ने हुटहुटी । एमाले नेता केपी ओली बेलाबेला राम र शिवलाई पुकार्थे । माओवादी नेता प्रचण्डले भैँसी पूजा गरेको घटना पुरानो होइन । निर्वाचनलगत्तै रास्वपा नेता बालेनको ‘जय महाकाली’ भन्ने गीत सबैले सुनेकै हो । हालै रवि लामिछाने भारतको कैँची धाम ‘धाएको’ खबर छ ।

मन्दिर धाउने चलन

सुन्दा अचम्म लाग्ला - मन्दिर धाउने चलन



बिँडो धान्दै छन् । राजाको बाटोमा छन् राष्ट्रपति ।

कुरा यही सीमित छैन । प्रधानमन्त्री बालेन्द्र साहको चाल पनि उस्तै छ । चुनावताका उनी जहाँ जान्थे मन्दिरमा पसेर घण्टी बजाइहाल्थे । भक्तपुरका नवदुर्गा, दत्तात्रयलगायत मन्दिरमा बरोबर ‘दर्शन गर्न’ आउने नेतामा उनी पनि पर्छन् ।

आजको रास्वपा होस् वा हिजोका काङ्ग्रेस, एमाले र माओवादीका ‘ठुला’ नेता हुन्, यिनमा मूल ‘हिन्दू’ चलन होइन । इतिहास हेर्दा यो कुरा प्रस्ट हुन्छ ।

‘भारत वर्ष’ का आधिकारिक इतिहासकारहरूको ठम्याइ छ -मन्दिर बनाउने चलन व्यापक बनेको सन् ४००-६०० तिर हो । त्यसअघि मन्दिरको छिटफुट उल्लेख पाइन्छ । तर, ती सबै उल्लेख गौतम बुद्धको जीवनकालपछिका हुन् । (कतिपय विद्वान त बौद्ध मठहरूको नक्कल गरेर मन्दिर बनाउने चलन सुरु भएको दाबी गर्छन् ।) चार वेद र उपनिषद्हरूमा मन्दिरको त्यतिबिघ्न चर्चा छैन । भारतमा गुप्त राजाहरूले ब्राह्मण धर्मलाई अघि सारेपछि धमाधम मन्दिर बनाउन थालिएको थियो ।

बौद्धहरू पाँच ‘महापातक’ को कुरा गर्थे - मातृहत्या गर्न पाइन्न, पितृहत्या गर्न पाइन्न, अर्हत्को हत्या गर्न पाइन्न, बौद्धको हत्या गर्न पाइन्न र भिक्षुहरूबिच झगडा लगाउन पाइन्न । त्यसमा गुप्त राजा चन्द्रगुप्त-२ (सन् ४१२) र स्कन्धगुप्त (सन् ४६५) ले दुई ‘पातक’ थपे - बाहुनको हत्या (ब्रह्महत्या) गर्न पाइन्न, गाईको हत्या (गोहत्या) गर्न पाइन्न । यसरी भारतमा ब्राह्मणवादी शासनको जग हालिएको थियो । यो प्रसङ्ग भारतका प्रसिद्ध इतिहासकार डीआर भण्डारकरको लेखनीबाट लिइएको हो । (डीएन झाको पुस्तक ‘पवित्र गाई’ मा उद्धृत गरिएअनुसार । पेज २०३ ।)

छोटकरीमा भन्दा - मन्दिर धाउने चलन झन्डै १५ सय वर्ष पुरानो हो । जब कि मानव जाति ३ लाख वर्ष पुरानो प्राणी हो ।

‘नेताहरू’ मन्दिर धाउने चलन

ग्रीक दार्शनिक प्लेटो (४२८-३४७ इपू.) आफ्नो देश ग्रीसलाई इजिप्टभन्दा गँवार भन्थे । यसका कम्तीमा दुई कारण थिए । इजिप्टका मान्छेलाई गणित र ज्योतिषको ज्ञान थियो । दोस्रो कारण थियो - इजिप्टका ‘नेताहरू मन्दिर धाउँथे’ । अचम्म लाग्यो ? दोहोऱ्याएर भन्छु - इजिप्टका प्राचीन राजाहरू ‘मन्दिर’ धाउँथे ।

ईपू. २६५० तिर इजिप्ट धार्मिक स्थलले भरिभराउ थियो । जनताको दिमागमा धर्मको गहिरो छाप पार्न सर्वत्र धार्मिक मठमन्दिर निर्माण गरिएको थियो । जीवनका सबै पक्षलाई, संस्कार-संस्कृतिलाई ईश्वरसँग जोडिन्थ्यो । एउटा नामी मन्दिर थियो त्यहाँ - ओसिरिसको मन्दिर । त्यसलाई स्वर्ग जाने द्वार मानिन्थ्यो । सूर्यग्रहण लाग्दा त्यहाँ एउटा चटक देखिन्थ्यो ।

सूर्य ग्रहणको दिन राजा त्यहाँ जान्थे र मन्दिरको वरिपरि घुमिरहन्थे । किन ? जनतालाई सुनाउन त्यसको पछाडि पनि एउटा कथा हालिएको थियो । राजाको शान बढाउने कथा ।

इजिप्टका राजा फिरोन/फेरोहरू आफूलाई सूर्य देवता (रा) भन्थे । (हामीकहाँ क्षेत्रीय वा ठाकुर/ठकुरीहरूले आफूलाई सूर्यवंशी र चन्द्रवंशी भनेझैँ । क्षेत्रीहरूलाई यस्ता उपाधि दिएर ब्राह्मण पुजारीहरूले अकुत जग्गाजमिन र पशु धन पाए । क्षेत्रीहरूको शान बढ्यो, तिनले शासन गर्ने ‘ईश्वरीय अधिकार’ पाए । हिसाब बराबर भयो । तर, जनता ठगिए । जति ठुलो राजा उति धेरै कूत, कोसेली बुझाउनुपऱ्यो !)

त सूर्यग्रहण लाग्दा केही समय सूर्यले आराम गर्ने हुँदा राजाले मन्दिरको परिक्रमा गर्नुपर्छ भन्ने इजिप्टका पुजारीहरूले एउटा कर्मकाण्ड रचे । तसर्थ, सूर्यग्रहणको बेला राजाले सूर्यले जस्तै मन्दिरवरिपरि चक्कर लगाउँथे । यो परम्परा हेर्दा सामान्य जस्तो लाग्छ । तर, यो कथा र परम्पराबाट समाजका ‘नेताहरू’ ले ठुलो राजनीतिक र सांस्कृतिक लाभ पाए । त्यो हो - ‘नेताहरू’ को शान र मान बढ्यो, तिनले शासन गर्ने ‘ईश्वरीय अधिकार’ पाए । यो अधिकार पाउन हतियार चलाउनु परेन । जनता नाउँको हात्तीले आफ्नो खुट्टामा आफै सिक्रीले बाँध्यो । जनता दिमागी गुलाम भए ।

जनतालाई दिमागी गुलाम बनाउने इजिप्टका ‘नेताहरू’ को यही खुबीबाट कायल थिए ग्रीक दार्शनिक प्लेटो । (विस्तृत बुझ्न बेन्जामिन फेरिङ्टनको पुस्तक ‘प्राचीन ग्रीसमा दिमाग र हात’ पढ्नुहोला ।)

मन्दिर धाउने नेपाली चलन

नेपालको चाँगुनारायणलाई ‘भारतवर्ष’ कै पुरानो ‘हिन्दू’ मन्दिरमा गनिन्छ । यो ईश्वीको चौथो शताब्दीमा बनेको मानिन्छ । (भलै कतिपय विद्वानले पहिले त्यो किराँत मठ थियो भन्छन् त कतिपयले बौद्ध विहार थियो पनि भन्ने गरेका छन् ।) सत्य जे होस्, हामी सामान्य अनुमान त गर्न सकिहाल्छौँ - मन्दिर थियो त ‘नेताहरू’ त्यहाँ पनि धाउँदा हुन् !

नेपाली इतिहासमा मन्दिर धाउने चलनको एउटा क्लासिक उदाहरण पाइन्छ ।

विसं. १८२५ भदौ १४ गते । इन्द्रजात्राको दिन थियो । काठमाडौँ/कान्तिपुर जात्राको रमझमले लठ्ठ थियो । त्यही बेला गोर्खाका राजा पृथ्वीनारायण शाहले दलबलसाथ चारैतिरबाट कान्तिपुरमाथि आक्रमण गरे । हनुमानढोका क्षेत्र घेराउमा पऱ्यो । अन्ततः कान्तिपुर फत्ते भयो ।

देश कब्जा भयो । जनता पनि एक अर्थमा कब्जा भए । तर, तिनको मन कब्जा गर्न गाह्रो हुन्छ । देशभक्त जनताले जतिसुकै कष्ट खेपेर पनि विद्रोह गर्न सक्छन् ।

काठमाडौँका राजा जयप्रकाश मल्ल भागेको हुनाले कर्मचारी र जनता अलमलमा थिए । तिनको मन ‘कब्जा गर्न’ पृथ्वीनारायण ‘मन्दिर धाए’ । काठमाडौँको राजगद्दीमा चढ्नुअघि उनले कान्तिपुरकी जीवित देवी मानिने कुमारीको हातबाट टीका लगाए अनि खुट्टा ढोगिदिए । मन्दिर धाउँदा र देवीको चरण ढोग्दा राजाको शान र मान दुवै बढ्यो । पृथ्वीनारायण शाह र उनका सन्तानले ‘कान्तिपुरे जनता’ लाई शासन गर्ने ‘ईश्वरीय अधिकार’ पाए ।

कान्तिपुरका धर्मभीरु जनतालाई के चाहियो ? आफ्नी देवीको चरण ढोग्ने राजालाई उनीहरूले आफ्नो ‘श्री ५ महाराज’ स्वीकारे । कथाको मधुर अन्त्य भयो ।

कान्तिपुरका जनता पृथ्वीनारायणका लागि नौला थिएनन् । अघि पनि उनले जनतालाई यसरी नै नचाएका थिए । धर्म र देवताको ‘लोभलाग्दो’ प्रयोग गरेका थिए । उनले अरूका राज्य कब्जा गर्न आफूलाई ‘गुरु गोरखनाथको आशीर्वाद छ’ भन्ने कथा हालेका थिए । तिनताका नेपालका धेरै हिस्सामा विभिन्न सन्त सम्प्रदायहरूको धार्मिक प्रभाव हुनाले पनि त्यो कथा बुनिएको हुनसक्छ । कम्तीमा जनकलाल शर्माको पुस्तक ‘जोसमनी सन्तपरम्परा र साहित्य’ पढ्दा त्यस्तै लाग्छ ।

नवदुर्गा र ‘नेताहरू’

नवदुर्गा मन्दिरमाथि काठमाडौँका जनताको ठुलो आस्था छ । नजिक हुनाले भक्तपुरे जनताको आस्था प्रगाढ हुने भइहाल्यो । त्यसैले यहाँका बासिन्दाको ‘मन कब्जा गर्न’ यिनले मान्ने देवीलाई ढोगे पुग्छ भन्ने राजा वीरेन्द्रलाई लागेको होला । आखिर उनी पनि पृथ्वीनारायणकै सन्तान थिए; पृथ्वीनारायणका ‘बाह्रौँ अवतार’ थिए ।

राजा गए, ‘नेताहरू’ आए । ‘पुराना नेता’ गए, ‘नयाँ नेता’ आए । तर, ‘नेताहरू’ को चरित्र कहिल्यै फेरिएन । अमेरिकादेखि नेपालसम्म, प्राचीनदेखि नवीनसम्म उही चरित्र हुन्छ यिनको - कुनै ठाउँ कब्जा गर्नु छ भने त्यहाँका जनताको मन कब्जा गर ! यो काम गर्ने सबैभन्दा ‘सस्तो र भरपर्दो उपाय’ हो - मन्दिर धाउने, देवी-देवता ढोग्ने, घण्टी बजाउने । यस अर्थमा न राष्ट्रपति रामचन्द्र पौडेल नयाँ हुन्, न आफूलाई ‘युवा राष्ट्रको प्रतिनिधि’ भनी ‘ब्रान्डिङ’ गर्ने’ बालेन्द्र शाह ।

‘नेता’ बन्ने तरिका पुरानो हो । जनता ठग्ने तरिका पुरानो हो । खालि जनतालाई ‘नयाँ’ लाग्छन् ‘नेताहरू’ ! आस्थाको दोष भनौँ वा बुद्धिको ?!

भोटेकोसी बाढी–विपद् व्यवस्थापनका लागि गम्भीर परीक्षा

● श्रीराम न्यौपाने

काठमाडौँ । गत भदौ १० गते भोटेकोसी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठुलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो । नेपालको मात्र नभई विश्वकै प्राकृतिक विपद्को इतिहासमा यस विपद्लाई विशिष्ट खालको अकल्पनीय र अप्रत्यासित घटनाको रूपमा लिन सकिन्छ । झण्डै १८८ किमि प्रतिघण्टाको दरमा आएको यस बाढीमा दुई करोड घनमिटर अर्थात् २० अर्ब लिटर अतिरिक्त पानीको बहाव रहेको थियो । पानीसँग आएको लेदो, ढुङ्गा, गेग्रान, चट्टानसहित आएको बाढीले ठुलो जनधन र पूर्वाधारको क्षति गरायो । बाढीपछि नदीको सतह करिब आठ मिटर माथि उठेको छ । झण्डै ९० लेखि १५० मिटर उचाइमा आएको बाढीका कारण वरपरका बस्ती, जलविद्युत् आयोजना, सडक र कृषियोग्य जमिनमा क्षति पुगेको छ । यस घटनाले हाम्रा आगामी विकास आयोजना, बस्ती विकास र पूर्वाधार निर्माणमा धेरै कुरा सिकाएको छ ।

संसद्मा बसेर नीति निर्माण गर्नु हाम्रो एउटा जिम्मेवारी हो तर जब जनता सङ्कटमा हुन्छन्, त्यतिबेला उनीहरूको बिचमा पुग्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । जहाँ आफ्नो ज्ञान, क्षमता वा पहुँचबाट सहयोग गर्न सकिन्छ, त्यहाँ सक्रिय हुनु आवश्यक छ । तर जनप्रतिनिधिले उद्धारकर्मीको काम खोस्ने होइन । सम्बन्धित सुरक्षा निकाय, प्राविधिक र विज्ञसँग समन्वय गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

सुरुङभित्र मानिसहरू फसेको घटना अत्यन्त संवेदनशील अवस्था थियो । बाहिरबाट हेर्दा एउटा संरचना क्षतिग्रस्त भएको जस्तो देखिए पनि त्यसको भित्र मानिसको जीवन जोडिएको हुन्छ । हामीले सुरुङभित्र कति मानिस छन्, उनीहरू कुन स्थानमा हुन सक्छन्, पानीको अवस्था कस्तो छ, अक्सिजनको अवस्था के छ भन्ने विषयमा एक-एक कुरा विचार गर्नुपर्थ्यो । हामीले सुरुङको अवस्था, पानीको स्तर, सम्भावित अवरोध, मानिसहरू हुनसक्ने स्थान र त्यहाँसम्म पुग्ने सम्भावित बाटोबारे सोच्नुपऱ्यो । त्यहाँ काम गर्ने कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूको अवस्था सम्झिँदा झन् दबाब महसुस हुन्थ्यो । उद्धारमा संलग्न व्यक्तिले भावनामा बगेर होइन, तथ्य र प्राविधिक आधारमा निर्णय गर्नुपर्ने हुन्छ । तर त्यसका साथमा हरेक मिनेटको महत्त्व पनि उत्तिकै थियो ।

उद्धार कार्यमा पहिलो चुनौती नै घटनास्थलसम्म सुरक्षित रूपमा पहुँच बनाउनु थियो । बाढीपछि बाटो, पुल, विद्युत् तथा सञ्चार संरचनामा समेत असर परेको थियो । अर्को चुनौती सुरुङको वास्तविक अवस्था पत्ता लगाउनु थियो । सुरुङ कहाँबाट अवरुद्ध भएको छ, पानी कति छ, भित्र हावा र अक्सिजनको अवस्था कस्तो छ भन्ने कुरा बाहिरबाट अनुमान गर्न सजिलो हुँदैन । त्यसैले हामीले उपलब्ध नक्सा, प्राविधिक उपकरण र उद्धार टोलीको अनुभवलाई जोडेर काम गर्नुपऱ्यो । त्रिशुली-३ ‘ए’ को सुरुङको मुख पहिचान गर्नसमेत निकै मेहनत गर्नुपरेको थियो । त्यसका लागि डिलिङलगायतका काम गरेर सुरुङको अवस्थाबारे जानकारी लिने प्रयास गरिएको थियो । पछि सुरुङभित्रबाट मानिसको आवाज सुनिएको जानकारी आउँदा त्यो उद्धार टोलीका लागि निकै आशाजनक सङ्केत बनेको थियो ।

सुरुङ भनेको सामान्य संरचना होइन । त्यसको डिजाइन, भौगोलिक अवस्था, हावा जाने प्रणाली, पानीको निकास, आपत्कालीन पहुँचलगायतका विषय बुझ्नुपर्छ । सुरुङको नक्सा, संरचनाको अवस्था र सम्भावित पहुँचबारे छलफल गर्दा प्राविधिक दृष्टिकोण राख्न सक्ने अवस्था थियो ।

खासगरी जलविद्युत् आयोजनाहरू नदी किनारमा नै निर्माण गरिने हुँदा बाढी, पहिरोजस्ता प्राकृतिक विपद्बाट प्रत्यक्ष प्रभावित हुने गर्दछन् । यसो भन्दैमा नेपालले जलविद्युत् विकासबाट पछि हट्नु हुँदैन तर अब विकासको शैली भने बदल्नुपर्छ । जोखिमलाई आयोजनाको डिजाइनमै समेट्नुपर्छ । नदीको व्यवहार, भूगोल, जलवायु परिवर्तनका प्रभाव र सम्भावित चरम बाढीलाई ध्यानमा राखेर पूर्वाधार निर्माण गर्नुपर्छ । भोटेकोसीको घटनाले हामीलाई विकास रोक्ने होइन, अझ सुरक्षित र आधुनिक ढङ्गले विकास गर्नुपर्ने पाठ दिएको छ । जलविद्युत् हाम्रो ठुलो सम्भावना हो, तर त्यससँग जोडिएका जोखिमलाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन । यस विपद्बाट प्रभावित भएका सबै नै जलविद्युत् आयोजनाहरू पुनः सञ्चालनमा आउँछन् । केही आयोजनाहरूको बाँधमा क्षति पुगेको छ भने केहीको सुरुङ, केहीको विद्युत् गृहमा समस्या आएको छ । लाङटाङ र चिलिमेको विद्युत् गृहमा क्षति पुगेको छ । बाँधलाई कसरी मजबुद राख्ने भन्ने मुख्य चुनौती देखिन्छ ।

जलविद्युत् आयोजनाहरू निर्माण गर्दा जोखिमलाई बेवास्ता गर्न पनि हुँदैन । सकेसम्म जलविद्युत् आयोजनाहरूको संरचना भूमिगत नै बनाउनुपर्छ । विद्युत् गृहको माथिल्लो भागमा छुट्टै बङ्कर बनाएर सुरक्षित स्थान बनाउन सकिन्छ । आत्पकालीन अवस्थामा खाद्यान्न र सञ्चार प्रणालीको निर्माण गर्नुपर्ने देखिन्छ । उद्धारका लागि आपत्कालीन मेसिन उपकरणलाई तयारी अवस्थामा राख्नुपर्ने यस घटनाले महसुस गरायो । मुख्य कुरा जलविद्युत् आयोजनाको बाँध वा अन्य संरचनाहरू निर्माण गर्दा भूकम्प, बाढी पहिरोजस्ता विपद्बाट सुरक्षित हुने गरी ध्यान दिनुपर्ने हुन्छ । अब आयोजनाको डिजाइनदेखि निर्माणसम्म सम्भावित चरम बाढी, भूगोल, जलवायु परिवर्तन र वातावरणीय जोखिमलाई गम्भीरतापूर्वक समेट्नुपर्छ । विकास रोक्नु समाधान होइन । सुरक्षित, दिगो र जोखिम न्यूनीकरणलाई केन्द्रमा राखेर विकास गर्नु समाधान हो ।

भोटेकोसीको बाढी केवल एउटा प्राकृतिक विपद्को घटना होइन; यो नेपालको विपद् व्यवस्थापन प्रणालीका लागि एउटा गम्भीर परीक्षा पनि हो । सबैभन्दा ठुलो पाठ भनेको विपद् आउनुअघि नै तयारी गर्नुपर्छ भन्ने हो । विपद् आएपछि मात्र उद्धारको योजना बनाउने होइन, जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँचमार्ग, सञ्चार प्रणाली र उद्धार उपकरण पहिले नै तयार हुनुपर्छ । विशेष गरी नदीको माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव वा बाढीको अवस्था देखिएमा तल्लो क्षेत्रमा तत्काल सूचना पुग्ने प्रणाली विकास गर्नुपर्छ । यसले मानवीय क्षति धेरै कम गर्न सक्छ ।

यो विपद्ले धेरै परिवारलाई ठुलो पीडा दिएको छ । आफ्नो परिवारको सदस्य गुमाउनु वा बेपत्ता हुनुको पीडा शब्दले व्यक्त गर्न सकिँदैन । बेपत्ता भएका व्यक्तिका परिवारका लागि हरेक दिन कति पीडादायी हुन्छ भन्ने हामीले बुझ्नुपर्छ । अब राहत र उद्धारसँगै पुनःस्थापना र पुनर्निर्माणलाई पनि प्राथमिकता दिनुपर्छ । क्षतिग्रस्त संरचना बनाउँदा पहिलेको जस्तै बनाउने होइन, भविष्यको जोखिमलाई ध्यानमा राखेर अझ सुरक्षित बनाउनुपर्छ । भोटेकोसीले हामीलाई एउटा कठोर शिक्षा दिएको छ– विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति भने पूर्वतयारी, प्रविधि र प्रभावकारी समन्वयमार्फत धेरै हदसम्म घटाउन सकिन्छ । अब हाम्रो ध्यान त्यही दिशामा हुनुपर्छ । उद्धारपछि पनि सरकार र सम्बन्धित निकायको जिम्मेवारी सकिँदैन । राहत, पुनःस्थापना र पुनर्निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । क्षतिग्रस्त संरचना जस्ताको तस्तै बनाउनेभन्दा भविष्यमा त्यस्तै विपद् आउँदा कम क्षति हुने गरी पुनर्निर्माण गर्नुपर्छ । ***(रासस)***

इनम र सुशील भट्टबारे अनुसन्धान गर्न एसपीको नेतृत्वमा विशेष समिति

काठमाडौँ, १० कार्तिक (रातोपाटी) । पूर्वप्रधानन्यायाधिश चोलेन्द्रशमशेर जबरासँग 'कनेक्सन' देखिएका इनम सापकोटा र लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील भट्टमाथि प्रहरीले अनुसन्धान गरिरहेको छ ।

सापकोटासँग सम्पर्क देखिएपछि भट्टलाई असोज ३१ मा जिल्ला प्रहरी परिसर काठमाडौँले पक्राउ गरेको थियो । सापकोटा भने असोज १४ मा नयाँ दिल्ली जान लागेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए ।

काठमाडौँ प्रहरीले यी दुवैमाथि राष्ट्र बैङ्क ऐन २०५८ अन्तर्गत कसुर र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ अन्तर्गत कसुरमा अनुसन्धान गरिरहेको छ । प्रहरीले उनीहरूमाथि अनुसन्धान गर्न प्रहरी उपरीक्षक नरहरि रेग्मीको नेतृत्वमा विशेष अनुसन्धान समिति गठन गरेको छ । रेग्मी उपत्यका प्रहरी कार्यालयमा कार्यरत छन् । विशेष समितिले जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसन्धान अधिकृतहरूलाई सहयोग गर्नेछ ।

सुशील भट्ट व्यवसायी दिपक भट्टका दाजु हुन् । व्यवसायी भट्ट अहिले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा पुर्पक्षका लागी सिन्धुपाल्चोक कारागारमा छन् । चोलेन्द्रले सापकोटालाई परिचालन गरेर व्यवसायी भट्ट र सुलभ अग्रवालको मुद्दामा चलखेल गरेको आशंका गरिएको छ । चोलेन्द्रलाई पक्राउ गरेर उपत्यका अपराध अनुसन्धान कार्यालयले असोज ११ को मध्याह्नमा रिहा गरेको थियो । अग्रवाल पनि सम्पत्ति शुद्धीकरणको मुद्दामा थुनामा छन् ।

प्रहरीले सापकोटाको मोबाइलको फरेन्सिक जाँच गरेको छ । लगानी बोर्डका पूर्वसीइओ भट्ट र सापकोटाबिच तारन्तार मोबाइल नम्बर र हूवाट्स एपमार्फत सम्पर्क हुने गरेको भेटिएको अनुसन्धानमा संलग्न एक अधिकृतले बताए । प्रहरीका अधिकृतहरू, व्यवसायी र अदालतका उच्च अधिकृतहरूसँगको सापकोटाको सम्पर्कबारे पनि अनुसन्धान भइरहेको अनुसन्धानमा संलग्न ती अधिकृतले जानकारी दिए ।

चोलेन्द्रसँग कनेक्सन देखिएपछि सापकोटा अनुसन्धानको दायरामा आएका हुन् । झापा घर भएका ३१ वर्षीय उनको परिवार बुढानिलकण्ठमा बस्छ । प्रहरीले उनको अपार्टमेन्टमा छापा मारेर त्यहाँ भेटिएका कागजात र डिजिटल सामग्री नियन्त्रणमा लिएको छ । सापकोटाले जलवायु परिवर्तनको विषयमा पीएचडी गरेका छन् । उनको सम्पर्क नेपाली काङ्ग्रेसका केही नेताहरूसँग पनि देखिएको अनुसन्धान अधिकृतहरू बताउँछन् ।

यो प्रकरणमा सशस्त्रका एआईजी वंशीराज दाहाल बर्खास्तीमा परिसकेका छन् । चोलेन्द्रलाई प्रहरीको कार्यालयमा भेटेसँगै दाहाल बर्खास्तीमा परेका थिए । सापकोटाको सम्पर्क दाहालसँग पनि देखिएको छ । सशस्त्रका अर्का एआईजी अन्जनीकुमार पोखरेलले गरेको जाँचबुझ प्रतिवेदनअनुसार दाहाल र सापकोटबिच सम्पर्क देखिएको हो । जाँचबुझ समितिसँगको बयानमा पनि दाहालले सापकोटासँग संवाद हुने गरेको स्वीकार गरेका छन् ।

यही प्रकरणमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले चोलेन्द्रका भाइ प्रभुशमशेर जबरा, नवराज थपलिया, दिपक तिमल्सिना, नारायण दाहाल र नवीन बस्नेतको घरमा छापा मारेको थियो । उनीहरू चोलेन्द्रका निकटस्थ मानिन्छन् ।

जलवायु...

उत्सर्जनको ७१ प्रतिशत समेट्छन् । सर्तसहितका लक्ष्यसमेत पूरा भए उत्सर्जन कटौती नौ प्रतिशतसम्म पुग्न सक्छ । टर्कीमा हुने जलवायु सम्मेलन (कोप-३१) सुरू हुन केही साताअघि प्रतिवेदन सार्वजनिक गरिएको हो ।

गत वर्ष संयुक्त राष्ट्रसङ्घले सन् २०३५ सम्म उत्सर्जन १० प्रतिशत घट्ने अनुमान गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा अमेरिका दोस्रोपटक पेरिस जलवायु सम्झौताबाट बाहिरिएको र जीवाश्म इन्धनलाई प्राथमिकता दिइरहेको अवस्थामा उत्सर्जन घटाउने चुनौती थपिएको छ । संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख साइमन स्टिलले प्रतिबद्धता कार्यान्वयनका व्यावहारिक उपाय अपनाउनुपर्ने बताउनुभएको छ ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलका अनुसार तापक्रम वृद्धि दुई डिग्री सेल्सियसभन्दा कम राख्न पनि सन् २०३५ सम्म उत्सर्जन ३७ प्रतिशत घटाउन आवश्यक छ । वैज्ञानिकहरूले १.५ डिग्रीको सीमाभन्दा माथि तापक्रम बढ्दै जाँदा चरम मौसमी घटना र अपरिवर्तनीय वातावरणीय परिवर्तनको जोखिम बढ्ने चेतावनी दिएका छन् । पूर्वऔद्योगिक समयको तुलनामा विश्वको तापक्रम करिब १.४ डिग्री सेल्सियस बढिसकेको छ र आगामी केही वर्षमै १.५ डिग्रीको सीमा पार हुने अपेक्षा गरिएको छ ।

यसैबिच, जलवायु परिवर्तन नियन्त्रणका लागि वित्तीय लगानी बढे पनि आवश्यकताभन्दा कम रहेको संयुक्त राष्ट्रसङ्घको अर्को प्रतिवेदनले जनाएको छ । सन् २०२३ र २०२४ मा विश्वव्यापी जलवायु वित्तको औसत प्रवाह वार्षिक एक हजार नौ सय अर्ब अमेरिकी डलर पुगेको थियो । यो सन् २०२१ र २०२२ को तुलनामा ३२ प्रतिशत बढी हो । नवीकरणीय विद्युत् उत्पादन र न्यून उत्सर्जन प्रविधिमा निजी क्षेत्रको लगानी बढ्नु यसको प्रमुख कारण रहेको प्रतिवेदनमा उल्लेख छ ।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- ❖ स्वस्थ र सन्तुलित खाना खाऔं,
- ❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- ❖ मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- ❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
- ❖ तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित)ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति **२०८३ कार्तिक १३ गतेदेखि १८ गतेसम्म** हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करॉते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, कसिमला पाँय् र बाघचाल) प्रतियोगिताको च्यालीसहित उद्घाटन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण नगरवासीहरू, विद्यालयहरू, टिम, क्लब, पुस्तकालय, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०८३ कार्तिक १३ गते, शुक्रबार
च्याली सुरु हुने समय : बिहान ९:३० बजे
स्थान : भ.न.पा. वडा ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहीद स्मृति खेल मैदान
उद्घाटन हुने समय : बिहान ११:०० बजे
उद्घाटन हुने स्थान : सहीद स्मृति खेल मैदान, भ.न.पा. २

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने खेल तालिका

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८३ कार्तिक १३ देखि १८ गतेसम्म हुने **भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता**का निम्न खेलहरू निम्न मिति, समय र स्थानहरूमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हुने खेल तालिका

क्र.सं.	खेल	खेल हुने स्थान	मिति	समय	सम्पर्क व्यक्ति	सम्पर्क नं.
१	भलिबल	सहिद स्मृति खेल मैदान, भ.न.पा. २	२०८३/७/१३ गतेदेखि	दिनको १ बजेदेखि	सत्यराम न्हिसुतु	९८४१५०६५७५
२	टेबुलटेनिस	बेखाल टेबुलटेनिस कभर्ड हल, भ.न.पा. १०	२०८३/७/१५ गतेदेखि	बिहान १० बजेदेखि	रवि सुवाल	९८४१६२१३२०
३	उसु	नासमना, भ.न.पा. ३	२०८३/७/१५ गतेदेखि	बिहान ७ बजेदेखि	रुपेश जाकिबन्जार	९८४१४५८७५०
४	पोटंबल	श्री पद्म मा.वि., भ.न.पा. ३	२०८३/७/१५ गतेदेखि	बिहान ७ बजेदेखि	श्यामसुन्दर मातां	९८४१३९४८६८
५	कबड्डी	भेलुखेल (एन्टिक ड्राइभिङ्ग सेन्टर), भ.न.पा. ५	२०८३/७/१५ गतेदेखि		पशुपति प्रजापति	९८४१३३४२७४
६	तेक्वान्डो	भेलुखेल, भ.न.पा. ५	२०८३/७/१३ गतेदेखि		बलराम न्हिसुतु	९८४३२३७१३४
७	बाघचाल	६ वडा कार्यालय प्राङ्गण	२०८३/७/१५गतेदेखि	बिहान ९ बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
८	बुद्धिचाल	६ वडा कार्यालय प्राङ्गण	२०८३/७/१५ गतेदेखि	बिहान ९ बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
९	कसिमला पाँय्	६ वडा कार्यालय प्राङ्गण	२०८३/७/१५ गतेदेखि	बिहान ९ बजेदेखि	राजुसिं बजिको	९८५१०५५३८७
१०	एथलेटिक्स	सिद्धपोखरी उत्तरतर्फको खेलमैदान, भ.न.पा. १	२०८३/७/१४ गतेदेखि	बिहान ७ बजेदेखि	राधेश्याम कवां	९८४१४३२२६२
११	फूटबल	महेश्वरी खेल मैदान, भ.न.पा. ७	२०८३/७/१३ गतेदेखि		सुसान दुवाल	९८४००५१००५
१२	ब्याडमिन्टन	लिबाली कभर्ड हल, भ.न.पा. ८	२०८३/७/१३ गतेदेखि		किशोर गोसाई/रामेश्वर मचामसी	९८४३८०१९९/९८५१०७७५६४
१३	जिम्न्यास्टिक	लिबाली कभर्ड हल, भ.न.पा. ८	२०८३/७/१६ गतेदेखि	बिहान ७ बजेदेखि	कृष्णराम जाकिबन्जार/शिवकृष्ण चवाल	९८४१६९२९८५/९८४१३५८६५५
१४	करॉते	दत्तात्रय, भ.न.पा. ९	२०८३/७/१४ गतेदेखि	बिहान ७ बजेदेखि	राजन चित्रकार	९८५११५७८२१/९८४१२१७८२१
१५	खो खो	लामगाल चौर, भ.न.पा. ९	२०८३/७/१३ गतेदेखि	दिनको १ बजेदेखि	जितेन्द्र मुनंकर्मी	९८४१४३०१४०

खेलकुद प्रतियोगितासम्बन्धी अन्य थप जानकारीको लागि निम्न व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला ।

१) श्यामकृष्ण खत्री, संयोजक भक्तपुर नगरपालिका, युवा तथा खेलकुद समिति : ९८४१२९२१९५
२) कृष्णगोविन्द सुवाल, सदस्य सचिव, भक्तपुर नगरपालिका, युवा तथा खेलकुद समिति : ९८४१३९५१४९

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा